नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## सेवाग्राहीलाई अब स्मार्ट लाइसेन्स

**मधेशदृष्टि**
**बारा।**
यातायात व्यवस्था कार्यालय कलैयाले लामो समयदेखि प्रतीक्षामा रहेका सेवाग्राहीहरूका लागि सवारी चालक अनुमति पत्र, अर्थात् स्मार्ट लाइसेन्स वितरण कार्य सुरु गर्ने भएको छ । यातायात व्यवस्था विभागबाट छपाइ भई प्राप्त भएका नयाँ, वर्ग थप, नवीकरण तथा प्रतिलिपि लाइसेन्सहरू क्रमिक रूपमा वितरण गरिने कार्यालयले जनाएको छ । सेवाग्राहीको सहजतालाई ध्यानमा राख्दै कार्यालयले सार्वजनिक बिदाका दिनमा पनि वितरण कार्यलाई निरन्तरता दिने विशेष व्यवस्था मिलाएको छ।

वैशाख १८ देखि २० गतेसम्म सार्वजनिक बिदा परे पनि स्मार्ट लाइसेन्स वितरण भने नरोकिने बताइएको छ । कार्यालय प्रमुख चिन्तन आचार्यका अनुसार, यो अवधिमा बिहान १० बजेदेखि साँझ ५ बजेसम्म काउन्टरबाट नियमित रूपमा कार्ड वितरण गरिनेछ। कार्ड बुझ्नका लागि सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनुपर्नेछ।

● वर्ष ४ ● अंक १६२ ● २०८३ साल वैशाख १८ गते शुक्रबार ● Friday 01, May 2026 ● सूर्योदय: बिहान ०५:२७ बजे ● सूर्यास्त: साँझ ०६:३८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# रिंकुकुमारी सदाय हत्या प्रकरण:
# वडा सदस्यसहित १४ जनालाई कैद

*मुद्दा दर्ता भएको १३ महिना १० दिनपछि जिल्ला अदालतका मुख्य न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीको एकल इजलासले वडासदस्यसहित १४ जनालाई दोषी ठहर गर्दै कैद र जरिवानाको सजाय सुनाएको अदालतका सूचना अधिकारी तथा प्रशासकीय अधिकृत राधेश्याम यादवले जानकारी दिए। अदालतले बलात्कारमा संलग्न, सहयोगी र घटना लुकाउन पञ्चायती गर्नेहरूलाई फरक–फरक सजाय तोकेको छ।*



**सिरहा।**
नवराजपुर गाउँपालिका–१ भगवतीपुरकी १७ वर्षीया रिंकुकुमारी सदायको सामूहिक बलात्कार र त्यसपछिको शङ्कास्पद मृत्युसम्बन्धी घटनामा सिरहा जिल्ला अदालतले फैसला सुनाएको छ।

मुद्दा दर्ता भएको १३ महिना १० दिनपछि जिल्ला अदालतका मुख्य न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीको एकल इजलासले वडासदस्यसहित १४ जनालाई दोषी ठहर गर्दै कैद र जरिवानाको सजाय सुनाएको अदालतका सूचना अधिकारी तथा प्रशासकीय अधिकृत राधेश्याम यादवले जानकारी दिए।

अदालतले बलात्कारमा संलग्न, सहयोगी र घटना लुकाउन पञ्चायती गर्नेहरूलाई फरक–फरक सजाय तोकेको छ।

घटना लुकाउन पञ्चायती गर्ने वडासदस्य नथुनी साह, रामकृपाल मण्डल, विन्देश्वर साह र रामदेव सदायसहितका प्रतिवादीहरूलाई मुलुकी अपराध संहिताबमोजिम जनही आठ महिना कैद र सात हजार रुपैयाँका दरले जरिवानाको फैसला सुनाएको छ । जनप्रतिनिधिको ओहदामा रहेर पनि अपराधलाई प्रश्रय दिएको र कानुनी प्रक्रियामा बाधा पुऱ्याएको ठहर गर्दै वडा सदस्य साहलाई भने थप छ महिना कैद सजाय तोकिएको छ।

त्यसैगरी, घटनामा प्रत्यक्ष संलग्न रहेका तीन नाबालकलाई पनि अदालतले दोषी ठहर गरेको छ । न्याय निरूपणका क्रममा अदालतले पीडित परिवारको क्षतिपूर्तिलाई प्राथमिकतामा राखेको छ । जसअनुसार, दोषी ठहरिएका प्रतिवादीहरूबाट जनही ३५ हजार रुपैयाँका दरले पीडितको हकवालालाई क्षतिपूर्ति भराउनुका साथै तोकिएको थप क्षतिपूर्ति शुल्कसमेत बुझाउनुपर्ने आदेश गरेको छ।

२०८१ साल माघ २७ गते राति शौच गर्न घरबाहिर निस्केकी रिंकुलाई स्थानीय तीन जना युवकले नियन्त्रणमा लिई सामूहिक बलात्कार गरेका थिए। पीडा र चोटका साथ भोलिपल्ट बिहान ३ बजे घर आइपुगेकी रिंकुले आफ्नी आमालाई घटनाबारे जानकारी गराएकी थिइन्। तर, यो जघन्य अपराधलाई प्रहरीसम्म पुग्न नदिई गाउँमै गुपचुप राख्ने प्रयास गरिएको थियो।

घटनाको भोलि र पर्सिपल्टअर्थात् माघ २९ र ३० गते स्थानीय वडा सदस्य नथुनी साहको रोहवरमा दुई पटक 'पञ्चायती' बस्यो । पञ्चायतीले दोषीहरूलाई एक लाख ५१ हजार रुपैयाँ जरिवाना तिराएर घटना सामसुम पार्ने निर्णय गरेको थियो।

तर, जरिवानाको रकम बाँडफाँटमा विवाद भएपछि कुरा मिलेन। सोही दिन ( २०८२ माघ ३० गते) रिंकु आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत फेला परेकी थिइन्। बाहिरबाट ढोका बन्द भएको अवस्थामा शव भेटिएकाले उनको मृत्युलाई सुरुदेखि नै शङ्कास्पद मानिएको थियो।

# चर्कियो गुठी जग्गा विवाद
# गुठीमा बसेका स्थानीय आन्दोलित




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा गुठी जग्गा सम्बन्धी विवाद पुनः चर्किएको छ। गुठीको जग्गामा घर निर्माण गरी वर्षौंदेखि बसोबास गर्दै आएका स्थानीयवासी तथा सुकुम्बासीहरूले सरकारविरुद्ध आन्दोलन चर्काएका छन् । 'गुठी–कुटी घरजग्गा व्यवस्थापन संघर्ष समिति'को ब्यानरमा संगठित भएका प्रदर्शनकारीहरूले सरकारले जबरजस्ती 'डोजर आतंक' मच्चाउन खोजेको आरोप लगाएका छन्। उनीहरूले तत्काल घरटहरा भत्काउने कार्य रोक्न, प्रभावितलाई वैकल्पिक बसोबासको व्यवस्था गर्न तथा आफूहरू बसिरहेको जग्गाको स्वामित्व प्रमाणपत्र (लालपुर्जा) उपलब्ध गराउनुपर्ने माग अघि सारेका छन्।

गुठी जग्गामा बनेका घरहरू भत्काइने हल्ला फैलिएपछि स्थानीयहरू आन्दोलित बनेका हुन्। उनीहरूले जनकपुरधामका विभिन्न स्थानमा प्रदर्शन गर्दै विरोध जनाएका छन् । यसैबीच, सुकुम्बासीहरूले मधेश प्रदेश सरकारविरुद्ध पनि आक्रोश व्यक्त गरेका छन् । उनीहरूले प्रदेश सरकारको मुख्य गेटमै धर्ना दिँदै 'पहिले पुनर्वास, त्यसपछि मात्र हटाउने' भन्ने मूल नारा सहित आन्दोलन चर्काएका हुन् । आक्रोशित समूहले मुख्यमन्त्री तथा मन्त्रीहरूको निवास रहेको परिसरलाई समेत घेराउ गरेको थियो।

प्रदर्शनकारीहरूले पुनर्वासको सुनिश्चितता बिना आफूहरूलाई विस्थापित गर्न खोजिएको आरोप लगाउँदै यस्तो कदम कुनै पनि हालतमा स्वीकार्य नहुने चेतावनी दिएका छन् । उनीहरूले वार्तामार्फत समाधान खोज्न र दीर्घकालीन पुनर्वास नीति ल्याउन सरकारसँग आग्रह गरेका छन्।

धनुषामा लामो समयदेखि सक्रिय उक्त संघर्ष समितिले संघीय तथा प्रदेश सरकारसँग व्यवस्थित बसोबासको ग्यारेन्टी माग गर्दै आन्दोलन जारी राखेको जनाएको छ । यसअघि २०६२ सालमा भोजराज घिमिरे नेतृत्वमा गठित कार्यदलले जनकपुरधामको करिब १० बिघा गुठी जग्गा अतिक्रमणमा परेको तथ्य औंल्याएको थियो । त्यसयता समय–समयमा गुठी जग्गा व्यवस्थापनको विषय उठ्दै आए पनि अहिलेसम्म दीर्घकालीन समाधान निस्कन सकेको छैन।

प्रदर्शनकारीहरूले वैकल्पिक व्यवस्था नगरी जबरजस्ती घर भत्काउने प्रयासले आफूहरू उठिबास हुने अवस्था आएको भन्दै प्रधानमन्त्रीसहित सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।

# अवैध गर्भपतन गराउने क्लिनिकमा छापा



**मधेशदृष्टि**
**सर्लाही।**
लालबन्दी नगरपालिका–२ नवलपुर जुटपानी क्षेत्रमा भाडाको घरमा गोप्य रूपमा सञ्चालन भइरहेको अवैध गर्भपतन क्लिनिकमा प्रहरीले छापा मारेर एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा लक्ष्मीनिया गाउँपालिका–२ निवासी ४५ वर्षीय लालबाबु राय यादव छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार उनलाई नियन्त्रणमा लिएर म्याद थप गरिएको छ र हाल ईलाका प्रहरी कार्यालय नवलपुरको हिरासतमा राखी थप अनुसन्धान भइरहेको छ।

प्रहरीका सूचना अधिकारी डिएसपी सरोज राईका अनुसार कुनै पनि निकायमा दर्ता नगरी तथा अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरिएको सूचनाका आधारमा कारबाही गरिएको हो।

त्यसैगरी, स्वास्थ्य कार्यालय सर्लाही का प्रमुख डा. नवलकिशोर झाले अनुगमनका क्रममा उक्त स्थानबाट गर्भपतनमा प्रयोग हुने औजार तथा औषधि बरामद गरिएको जानकारी दिएका छन्।

क्लिनिक नवजीवन विद्याश्रम नजिक कुनै बोर्डबिना सञ्चालन भइरहेको पाइएको थियो।

प्राप्त सूचनापछि सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेको नेतृत्वमा गएको टोलीले बुधबार अनुगमन गर्दा अवैध गतिविधि फेला पारेको हो। टोलीले क्लिनिक तत्काल सिल गर्दै सञ्चालकलाई प्रहरीको जिम्मा लगाएको जनाएको छ।

घटनापछि नवलपुर र मलङ्गवा क्षेत्रमा स्वास्थ्य संस्थामाथि निगरानी बढाइएको छ । लालबन्दी नगरपालिका–१ मा गरिएको अनुगमनका क्रममा १३ वटा स्वास्थ्य संस्था तथा औषधि पसल जाँच गर्दा पाँच वटा सिल गरिएको, एकलाई जरिवाना गरिएको र दुईलाई सात दिनभित्र आवश्यक कागजात पूरा गर्न निर्देशन दिइएको जिल्ला प्रशासन कार्यालय सर्लाही ले जनाएको छ।

प्रशासनले स्वास्थ्य सेवा सञ्चालन गर्दा अनिवार्य रूपमा कानुनी प्रक्रिया पूरा गर्न र मापदण्ड पालना गर्न सबैलाई सचेत गराएको छ।

# सरुवाको चार महिना बित्दा पनि कार्यालय प्रमुख सम्पर्कविहीन

**मधेशदृष्टि**
**बारा।**
पूर्वाधार विकास कार्यालय कलैयाका प्रमुख राजेन्द्र साह सरुवा भएको चार महिना बितिसक्दा पनि रमाना नबुझी सम्पर्कविहीन भएपछि कार्यालयका प्रशासनिक र आर्थिक काम ठप्प भएका छन्। यसले चालु आर्थिक वर्षका विकास योजनाहरू नै प्रभावित बनेका छन् । कार्यालयकी सूचना अधिकारी आरती चौधरीका अनुसार प्रमुख साहले न त कार्यालयलाई जानकारी दिएका छन्, न त तालुक मन्त्रालय वा स्थानीय प्रशासनलाई। उनको मोबाइल समेत लामो समयदेखि बन्द छ, जसले गर्दा कार्यालय पूर्ण अन्योलमा परेको छ । कार्यालय प्रमुखको अभावमा जिल्लाभर सञ्चालनमा रहेका ३ सय ७८ वटा योजना प्रभावित भएका छन्, जसको कुल लागत करिब १ अर्ब ३८ करोड रुपैयाँ रहेको छ । उपभोक्ता समिति गठन, टेन्डर प्रक्रिया र बजेट कार्यान्वयन जस्ता काम अघि बढ्न सकेका छैनन् । विशेषगरी २५ लाखसम्मका साना योजना उपभोक्ता समितिमार्फत सञ्चालन हुनुपर्ने भए पनि हालसम्म कुनै प्रक्रिया सुरु हुनसकेको छैन । यस्तै २५ लाखदेखि माथिका योजनामा पनि टेन्डर आह्वान हुन नसक्दा अधिकांश काम कागजमै सीमित भएको छ । मधेश प्रदेश भौतिक पूर्वाधार मन्त्रालयका निमित्त सचिव सञ्जय साहले प्रमुख राजेन्द्र साह बिनाजानकारी सम्पर्कविहीन भएको स्वीकार गर्दै छिट्टै नयाँ प्रमुख पठाइने बताएका छन्। उनका अनुसार नयाँ प्रमुखले जिम्मेवारी सम्हालेपछि रोकिएका कामहरू अघि बढाइनेछ।

# जिप दुर्घटनामा २० जनाको मृत्यु

**मधेशदृष्टि**
**रोल्पा।**
रोल्पामा भएको जिप दुर्घटनामा ज्यान गुमाउनेको संख्या २० पुगेको छ । थवाङ गाउँपालिका–१ जलजलामा रुकुमपूर्वबाट जलजलातर्फ जाँदै गरेको जिप बिहीबार दिउँसो भिरबाट करिब ८ सय मिटर तल खसेर दुर्घटना भएको थियो। प्रहरीका अनुसार, हालसम्म २० जनाको मृत्यु भएको छ भने उद्धार कार्य जारी छ।

लु १ ज ४१६७ नम्बरको बोलेरो जिप दुर्घटनामा परेको थियो । जलजलामा वैशाख पूर्णिमाको अवसरमा लाग्ने मेलामा सहभागी हुनेहरूलाई बोकेको जिप दुर्घटनामा परेको प्रहरीले जनाएको छ।

# सरकारले मधेशको भान्सामै अवरोध पुर्यायोः थापा



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले संघीय सरकारले मधेशको भान्सामा अवरोध गरेको आरोप लगाएका छन् ।सर्लाही जिल्लाको भ्रमणपछि सभापति थापाले एक सय रुपैयाँभन्दा बढीको सामानमा भन्सार बुझाउनुपर्ने सरकारको निर्णय सीमावर्ती मधेशको लागि अव्यवहारिक भएको बताए।

चुनावी क्षेत्र सर्लाही आएर काठमाडौं फर्किएपछि उनले सामाजिक सञ्जालमा पोष्ट गर्दै सरकारको निर्णयले जनतालाई थप समस्या भएको बताएका हुन्।

सर्लाहीको सीमावर्ती क्षेत्र मधुवनीबाट आफू भर्खरै फर्किएको उल्लेख गर्दै सभापति थापाले त्यहाँका नागरिकको एउटा गहिरो छट्पटी र आक्रोश मनमा लिएर फर्किएको बताएका छन्।

'१०० रुपैयाँभन्दा बढीको सामानमा भन्सार बुझाउनुपर्ने' अव्यवहारिक आदेशले सीमा क्षेत्रका नागरिकको दैनिकी कति कष्टकर बनाएको छ भन्ने कुरा भुक्तभोगीलाई मात्र थाहा छ,' थापाले सामाजिक सञ्जालमार्फत लेखेका छन्, 'त्यहाँ मैले केही यस्ता दृश्य र आवाजहरू सुनें, जसले राज्यको चरित्रमाथि नै प्रश्न उठाउँछ।'

उनले स्थानीयले ज्यालादारी काम गर्न भारत गएर फर्किएका मजदुर बिस्कुटको एक प्याकेट लिएर आउँदा २ घण्टा सीमामा रोकिनुपरेको दुःख आफूले थाहा पाएको उल्लेख गरेका छन्।

थापाले राज्यले मधेशका हरेक भन्सामा अवरोध खडा गरेको भन्दै सीमामा पहिलेजस्तो सहजता सुनिश्चित गर्न सरकारसँग माग गरेका छन्।

# जनकपुरधाममा शुद्ध मसला र खाने तेल उद्योग सुरु

**मधेशदृष्टि**
**जनकपुरधाम।**

जनकपुरधाममा बजारमा बढ्दो केमिकलयुक्त मसाला र तेलको प्रयोगबीच शुद्ध खाने तेल तथा भान्साका मसाला उत्पादन गर्ने उद्योग सञ्चालनमा आएको छ।

उद्योगका सञ्चालक शम्भुकुमार पण्डितले मिसावटयुक्त खाद्य सामग्रीका कारण स्वास्थ्यमा विभिन्न समस्या देखिन थालेपछि शुद्ध उत्पादन उपलब्ध गराउने उद्देश्यले 'केपीडी' नामक मसाला तथा तेल उद्योग सुरु गरेको जानकारी दिएका छन्।

उनका अनुसार बजारमा पाइने धैरैजसो मसाला र तेलमा केमिकलको प्रयोग हुने भएकाले त्यसको विकल्पका रूपमा



प्राकृतिक विधिबाट उत्पादन गर्ने लक्ष्यसहित उद्योग स्थापना गरिएको हो । यस उद्योगबाट धनिया, बेसार, खुर्सानीको धुलोका साथै सर्सो र तोरीको तेल उत्पादन भइरहेको छ।

पण्डितले नेपालमा रोजगारीको अवस्था कमजोर रहेकाले आफूले नेपाल लाइफ इन्स्योरेन्समा ब्रान्च म्यानेजरको पद छोडेर स्वदेशमै उद्यम सुरु गरेको बताए । उनले काठ र ढुंगाको परम्परागत प्रविधि प्रयोग गरेर मसाला र तेल उत्पादन गरिरहेको उल्लेख गर्दै यसले उत्पादनलाई अझ शुद्ध र स्वास्थ्यकर बनाउने विश्वास व्यक्त गरे।

उद्योगमार्फत हाल तीन जनालाई रोजगारी दिन सकेकोमा खुशी व्यक्त गर्दै उनले तत्काल ठूलो आम्दानी नभए पनि भविष्यमा शुद्ध खाद्यप्रति नागरिकको आकर्षण बढ्दै जाने र त्यसले राम्रो आम्दानी दिने अपेक्षा व्यक्त गरेका छन्।

स्थानीयस्तरमै शुद्ध र विश्वसनीय खाद्य सामग्री उत्पादन गर्ने यस्ता प्रयासले उपभोक्ताको स्वास्थ्य सुरक्षासँगै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा समेत सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

# राष्ट्रपतिद्वारा दुई अध्यादेश जारी

**मधेशदृष्टि**
**काठमाडौँ ।**

राष्ट्रपति रामचन्द्र पौडेलले सरकारले सिफारिस गरेका ६ मध्ये दुई अध्यादेश जारी गरेका छन् । उनले बिहीबार सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ प्रमाणीकरण गरी जारी गरेका हुन् ।

मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम बिहीबार अध्यादेश जारी गरिएको राष्ट्रपति कार्यालय जनाएको छ ।

सरकारले विकास निर्माणका काममा देखिएका कानूनी जटिलता फुकाउन र खरिद प्रक्रियालाई थप व्यवस्थित बनाउन अध्यादेशको सहारा लिएको हो ।



यसअघि पनि सार्वजनिक खरिद ऐनमा संशोधनका लागि विभिन्न प्रयासहरू भए पनि यो पटक अध्यादेशमार्फत परिमार्जन गरिएको थियो । राष्ट्रपतिले यसअघि बिहीबार नै सहकारी सम्बन्धी अध्यादेश पनि जारी गरेका थिए ।

सरकारले निम्न अध्यादेशहरु जारीका लागि राष्ट्रपतिकहाँ पठाएको थियो ।

अध्यादेशहरुः
१. संवैधानिक परिषद् सम्बन्धी अध्यादेश
२. सहकारी ऐन संशोधन अध्यादेश
३. विश्वविद्यालय तथा स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी अध्यादेश
४. केही नेपाल ऐन संशोधन अध्यादेश
५. सार्वजनिक पदाधिकारी पदमुक्ति अध्यादेश
६. सार्वजनिक खरिद ऐन संशोधन अध्यादेश

# फेवा संरक्षित जलाधार व्यवस्थापकीय योजना कार्यान्वयनमा लगिने

**गण्डकी।**

फेवातालको जलाधार क्षेत्र संरक्षणका लागि चार वर्षअघि बनाइएको 'फेवा संरक्षित जलाधार व्यवस्थापकीय योजना' कार्यान्वयन हुने भएको छ। आर्थिक वर्ष २०७८–८९ मा बनेको उक्त योजना कार्यान्यिवनका लागि वन तथा भू–संरक्षण विभाग, बृहत् जलाधार व्यवस्थापन केन्द्र, गण्डकी र कास्कीस्थित जिल्ला भू–तथा जलाधार संरक्षण समितिले पहल थालेका हुन्।

सरकारले गत चैत १३ गते जारी गरेको एक सय बुँदे शासकीय सुधार कार्यक्रममा फेवा संरक्षित जलाधार क्षेत्रको अतिक्रमण हटाउने, पहिरो व्यवस्थापन, मुहान संरक्षण र जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम सञ्चालन गरी जलाधार क्षेत्रको संरक्षण गर्ने उल्लेख छ। उक्त योजना कार्यान्वयनको तयारी सुरु भएको जिल्ला भू–तथा जलाधार संरक्षण समितिका संयोजक एवं जिल्ला समन्वय समितिका प्रमुख लिलाधर पौडेलले बताए।

'फेवा संरक्षित जलाधार व्यवस्थापकीय योजनालाई अद्यावधिक र परिमार्जनसहित कार्यान्वयन गर्ने गरी समितिले वन तथा भू–संरक्षण विभागलाई सुझाव दिएको छ,' उनले भने, 'विभागबाट योजना स्वीकृत भएर आएपछि कार्यान्वयनमा जान्छ।' सन् २०२२ देखि २०३१ सम्मको कार्यान्वयन अवधि तोकेर उक्त योजना निर्माण गरिएको थियो ।

फेवातालको जलाधार क्षेत्र संरक्षणलाई उच्च महत्त्व दिएर शासकीय सुधारका एक सय बुँदामा समेटेकामा समितिले सरकारप्रति आभार व्यक्त गरेको संयोजक पौडेलले बताए । मङ्गलबार बसेको समितिको १४औँ बैठकले योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने निर्णयसमेत गरेको उनको भनाइ छ।

बृहत् जलाधार व्यवस्थापन केन्द्र, गण्डकीका प्रमुख श्यामप्रसाद न्यौपानेले विभागका उपमहानिर्देशक उद्धवबहादुर घिमिरेसहित विज्ञको टोलीले फेवा संरक्षित जलाधार क्षेत्रको स्थलगत अवलोकन गरी उक्त योजना कार्यान्वयनमा विषयमा सरोकार भएका पक्षहरूसँग छलफल गरिएको बताए । 'जलाधार व्यवस्थापन केन्द्रले बनाएको व्यवस्थापकीय योजना विभागमा पुगिसकेको छ, विविध कारणले कार्यान्वयन हुन सकेको थिएन,' उनले भने, 'अद्यावधिक र परिमार्जनसहित विभागबाट स्वीकृत भएपछि केन्द्रमार्फत नै व्यवस्थापकीय योजना कार्यान्वयन हुन्छ।'

योजनाअन्तर्गत जलाधार क्षेत्रको अतिक्रमण हटाई पुनःस्थापना गर्ने, मुहान तथा पानीका स्रोत संरक्षण, पहिरो रोकथाम, वृक्षरोपण, सौन्दर्यीकरण, जलवायु अनुकूलनका कार्यक्रम सञ्चालन आदि गरिने प्रमुख न्यौपानेले बताए।

जलाधार व्यवस्थापन केन्द्रका सूचना अधिकारी अमर अधिकारीका अनुसार फेवाताल संरक्षित जलाधार क्षेत्र एक सय २३ वर्ग किलोमिटरमा फैलिएको छ । फेवाताल र यसको जलाधार क्षेत्रको संरक्षण, एकीकृत विकास तथा व्यवस्थापनका लागि सरकारले विसं २०७८ मा फेवातालको जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा गरेको थियो। रासस

# व्यावसायिक मकै खेतीतर्फ किसानको आकर्षण

**रौतहट।**

रौतहटका किसान व्यावसायिक मकै खेतीतर्फ आकर्षित हुन थालेका छन्।

जिल्लाको वृन्दावन नगरपालिकास्थित बलेरी टोलमा मात्र करिब साढे चार सय बिगाह क्षेत्रफलमा मकै खेती गरिएको छ । वृन्दावन नगरपालिका–१ बलेरीमा अहिले खेतबारीभरि हरियो मकै लहलहाइरहेको दृश्य देख्न सकिन्छ । स्थानीयवासीका अनुसार मकै खेती नै बलेरीको समृद्धिको प्रमुख आधार बनेको छ।

स्थानीय बैजु पटेल पेशाले शिक्षक भए पनि वर्षेनी डेढ बिगाहादेखि अढाई बिगाहासम्म मकै खेती गर्दै आएका छन्। उनी बलेरीका सफल मकै किसानका रुपमा परिचित छन्।

वृन्दावन जल उपभोक्ता समितिका सचिव सुरेन्द्र पटेलका अनुसार बलेरीमा मकै खेतीबाट वार्षिक कम्तीमा ९ करोड रुपैयाँ भित्रिने गरेको छ। राम्रो उत्पादन भएको वर्ष एक कठ्ठामा छ। क्विन्टलसम्म मकै फल्ने गरेको उनले बताए ।सामान्यतया किसानले प्रतिकठ्ठा पाँच क्विन्टलसम्म उत्पादन लिने गरेका छन्।

माटोको उर्वरता र सिँचाइ सुविधा राम्रो भएकाले स्थानीय किसान मकै खेतीतर्फ आकर्षित भएका हुन् । बलेरीका अधिकांश किसानले मकैलाई मुख्य नगदे बालीका रुपमा अपनाएका छन्।

स्थानीय किसान रबिन्द्र पटेलका अनुसार वर्षौंदेखि व्यावसायिक रुपमा मकै खेती हुँदै आएकाले बजारको समस्या छैन। मकै बोटमै रहेको अवस्थादेखि मकै पोलेर बेच्ने, घोगा किन्ने तथा खेतमै आएर व्यापारीहरूले खरिद गर्ने गरेका छन्।

किसान राअशिष राउतले मकै पाकेपछि दाना बिक्री गर्न पनि सहज हुने बताए। 'खेतमै व्यापारी आउने भएकाले बिक्रीमा कुनै कठिनाइ छैन,' उनले भने।

यद्यपि हावाहुरी, असिनापानी तथा जङ्गली जनावरका कारण किसानले हरेक वर्ष क्षति बेहोर्नुपर्ने अवस्था रहेको स्थानीय नेता शङ्कर राउतले बताए । मुख्यरुपमा नीलगाई र बँदेलले मकै बाली नोक्सान पु¥याउँदै आएका छन्।

रौतहटका चन्द्रपुर, वृन्दावन, गुजरा तथा फतुवा विजयपुर नगरपालिकाका उत्तरी क्षेत्रमा समेत व्यापक रुपमा मकै खेती हुँदै आएको छ। किसानहरुले मकै खेतीबाट राम्रो आम्दानी गर्न सकेकाले यसलाई प्राथमिकतामा राख्दै आएका छन्।

किसानहरुले भने व्यावसायिक खेतीका लागि राज्यबाट पर्याप्त प्रोत्साहन, बीमा तथा क्षति राहतको व्यवस्था हुनुपर्ने माग गरेका छन्।

# रुपान्तरणकारी बजेट आउँछः अर्थमन्त्री

**काठमाडौँ।**

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले परम्परागत शैली तोड्दै रुपान्तरणकारी बजेट ल्याइने बताएका छन्। आगामी आर्थिक वर्ष २०८३–८४ को बजेटका लागि पृष्ठपोषण हुनेगरी नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले गरेको नीतिगत छलफलमा अर्थमन्त्री वाग्लेले पुरानै शैली र प्रवृत्ति तोडेर रुपान्तरणकारी बजेट ल्याइने स्पष्ट पारे।

उनले परिणाममुखी र सुधार केन्द्रित बजेट ल्याइने बताए । बजेटबारे आम नागरिकमा रहेको अतिरञ्जना र भ्रमप्रति टिप्पणी गर्दै उनले बजेटलाई सरकारको आय–व्यय व्यवस्थापनको व्यावहारिक दस्तावेजका रूपमा बुझ्नुपर्ने धारणा राखे।

उनका अनुसार आगामी बजेट निर्माणका लागि सबै मन्त्रालयलाई राष्ट्रिय स्रोत अनुमान समितिले तोकेको करिब १८ खर्ब ९० अर्ब रुपैयाँको सीमाभित्रै रहेर योजना बनाउन निर्देशन दिइएको छ । यद्यपि आर्थिक रुपान्तरणका लागि अहिलेको सिलिङ अपर्याप्त रहेको टिप्पणी पनि उनले गरे।

विगतमा राजस्व क्षमताभन्दा ठूलो आकारको बजेट ल्याउने प्रवृत्तिले समस्या निम्त्याएको उल्लेख गर्दै उनले आगामी वर्षका लागि करिब १३ खर्ब ३० अर्ब रुपैयाँ बराबरको अनिवार्य दायित्व रहेको र देशको राजस्व क्षमता करिब ११ खर्ब ८० अर्ब रुपैयाँ हाराहारी मात्र रहेको जानकारी दिए।

अर्थमन्त्री वाग्लेले यस्तो अवस्थाले अनिवार्य दायित्व धान्नसमेत चुनौती देखिएको उल्लेख गर्दै ऋण परिचालनको आफ्नै दायित्व र सीमाहरू रहेको बताए। करिब १९ खर्ब रुपैयाँको बजेटले करिब ७० खर्ब रुपैयाँको अर्थतन्त्रलाई प्रभावकारी रूपमा चलायमान बनाउन सक्ने वा नसक्ने प्रश्न महत्त्वपूर्ण रहेकाले विनियोजनको कुशलता र कार्यान्वयन क्षमतामा जोड दिईने उनले बताए।

सीमित स्रोतका कारण नतिजा नदिने तथा प्रभावहीन कार्यक्रमहरू कटौती गरिने सङ्केत गर्दै उनले सार्वजनिक खर्चलाई रणनीतिक रूपमा बढाएर अर्थतन्त्र चलायमान बनाउने नीति अवलम्बन गरिने बताए।

साथै सामाजिक क्षेत्रमा लगानीलाई पनि समान प्राथमिकता दिइने उनको भनाइ थियो । सीमित स्रोत साधनका बीच पनि सुशासन, सहज सेवा प्रवाह, रोजगारी सिर्जनालगायत विषयलाई केन्द्रमा राखेर आर्थिक राजकाजको जहाज मोड्ने गरी बजेट ल्याइने उनको भनाइ छ।

राजस्व परिचालन सुदृढ गर्न कर सुधारलाई प्राथमिकतामा राखिने उल्लेख गर्दै उनले विद्यमान कर दर अव्यावहारिक भएको गुनासोप्रति सरकार संवेदनशील रहेको बताए। आयकर र भन्सार दर उच्च भएको विषयमा पुनरावलोकन गरिने र करको बोझ घटाएर खपत वृद्धि गर्ने लक्ष्यका साथ बजेट तयारी भइरहेको उनले स्पष्ट पारे । 'कर घट्दा राजस्व घट्छ भन्ने परम्परागत सोचमा सरकार छैन,' उनले भने।

बजेट निर्माणमा सत्तारुढ दलको चुनावी घोषणापत्रलाई मार्गदर्शक बनाइने स्पष्ट पार्दै उनले मध्यम वर्ग तथा उद्यमी व्यवसायीको सुरक्षालाई केन्द्रमा राखिने बताए । खर्च गर्ने क्षमताको कमजोरीका कारण विदेशी अनुदान घट्दै गएको उल्लेख गर्दै उनले कार्यान्वयन क्षमता अभिवृद्धिमा सरकार केन्द्रित रहेको जानकारी दिए।

रुग्ण बनेका आयोजना, शक्ति र पहुँचका आधारमा बजेटमा समावेश भएका योजना तथा नतिजा नदिने कार्यक्रमहरूलाई बजेटबाट हटाइने सङ्केत पनि अर्थमन्त्री वाग्लेले गरेका छन्। 'आसेपासे पुँजीवाद झल्किने कार्यक्रम कटौती गरी सुशासनको सन्देश दिनुपर्छ,' उनले भने।

निजी क्षेत्रलाई अर्थतन्त्रको प्रमुख संवाहकका रूपमा चित्रण गर्दै उनले इमानदार व्यवसायीलाई डराउनुपर्ने अवस्था नरहेको तर व्यवसायको नाममा अनियमितता गर्नेप्रति सरकार कडा रूपमा प्रस्तुत हुने चेतावनी दिए । लगानीमैत्री वातावरण निर्माणका लागि अव्यावहारिक कानून संशोधन तथा नयाँ कानून निर्माण गरिने पनि उनले बताए।

अर्थमन्त्री वाग्लेले आर्थिक वृद्धिदर वृद्धि र रोजगारी सिर्जनालाई बजेटको मूल लक्ष्य बनाइने उल्लेख गर्दै करिब सात प्रतिशतको आर्थिक वृद्धि लक्ष्य महत्वाकांक्षी भए पनि सम्भव रहेको दाबी गरे।

जलविद्युत्, खनिज, पूर्वाधार कनेक्टिभिटी, शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रलाई प्राथमिकतामा राखिने तथा प्रवासी नेपाली (डायस्पोरा) को लगानी आकर्षित गर्ने नीति अवलम्बन गरिने पनि उनले जानकारी दिए। रासस

# सामुदायिक विद्यालयहरु कसरी चल्दैछ भर्ना ?

**प्रकाश सिलवाल/रासस**
**काठमाडौँ।**

नयाँ शैक्षिकसत्र सुरू भएसँगै अभिभावकको रोजाइमा परेका केही सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराउन अभिभावक, शिक्षक–कर्मचारीलाई भ्याइनभ्याइ छ।

अधिकांश निजी लगानीका विद्यालयमा वैशाख १५ गतेदेखि पढाइ सुरु भइसकेको छ भने सामुदायिक विद्यालयमा भर्ना जारी छ। सामुदायिक विद्यालयले नयाँ विद्यार्थी भर्ना फाराम वितरण, सङ्कलन र प्रवेश परीक्षाको तयारी गरेको छ। विद्यार्थीको चाप हुने सामुदायिक विद्यालयमा गुणस्तर कायम गर्न भनी सामान्य शुल्क पनि लिने गरिएको छ।

संविधान र कानून अनुसार सामुदायिक विद्यालयमा शुल्क लिन पाइँदैन तर अतिरिक्त कक्षा, पूर्वाधार व्यवस्थापन र अङ्ग्रेजी माध्यममार्फत पढाइका लागि सहयोग शुल्क लिइएको ती विद्यालयका प्रधानाध्यकले जनाएका छन् । प्रवेश परीक्षाका नाममा विद्यार्थीलाई 'पास–फेल' गराउन नपाइने भएकाले भर्ना प्रक्रियालाई सरल बनाउन ती विद्यालयले आन्तरिक मापदण्ड बनाएका छन् । सामुदायिक विद्यालयले यही वैशाख २१ गतेदेखि कक्षा सञ्चालनको तयारी गरेका छन्।

काठमाडौँको बाफलस्थित ज्ञानोदय माध्यमिक विद्यालयले सीमित क्षमताका कारण ४३० जनासम्म नयाँ विद्यार्थी भर्ना लिने तयारी गरेको छ । सो विद्यालयका प्रधानाध्यापक विष्णु घिमिरेले नयाँ भर्नामा धेरै भीड नहोस् भनेर दोस्रो अर्धवार्षिक परीक्षाको नतिजामा कुनै पनि विषयमा 'एनए' (नन् ग्रेडेड) नआएका विद्यार्थीलाई मात्रै फारम भर्न योग्य बनाइएको बताए । सो विद्यालयमा कक्षा १–१२ मा चार हजार ६०० विद्यार्थी अध्ययनरत छन्।

सो विद्यालयले नेपाल सरकारको वैशाख १५ देखि नयाँ शैक्षिकसत्र आरम्भ गर्ने निर्णय गरेपछि यसअघि वैशाख ३ गते तय गरिएको कक्षा इसिडीदेखि कक्षा ९ सम्मको विद्यार्थी भर्ना कार्यक्रम स्थगन गरी वैशाख १४ गतेबाट इसिडी कक्षा सञ्चालन गरेको छ। कक्षा चारदेखि नौसम्म वैशाख १५ गतेदेखि मात्रै भर्ना सञ्चालन गरेको छ । विद्यालयले कक्षा तीन र सातमा नयाँ भर्ना नलिने नीति लिएको छ । हाल सोही विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि वैशाख १५ देखि १८ गतेसम्म माथिल्लो कक्षामा नाम टिपाउन सूचित गरिएको छ । 'नर्सरीमा भर्नाका लागि सरस्वती पूजाका दिन जो पहिला आए तिनै विद्यार्थीलाई सिट क्षमताअनुसार भर्ना लिएका छौँ। कक्षा चारदेखि माथिको कक्षामा विद्यालयको स्तरअनुसार मापदण्ड बनाएर छान्दै आएका छौँ,' प्रधानाध्यापक घिमिरेले राससँग भने, 'सरकारको लगानी अपुग भएको स्थितिमा पूर्वाधार व्यवस्थापन र अतिरिक्त कक्षा सञ्चालनका लागि तिर्न सक्ने अभिभावकसँग सहयोग पनि लिँदै आएका छौँ।'

प्रधानाध्यापक घिमिरेले पानी, बत्तीलगायत पूर्वाधारमा काठमाडौँ महानगरपालिकाको स्रोतबाट धान्न नसकिएको तथा गणित, कम्प्युटरलगायत अतिरिक्त कक्षाका लागि तल्लो कक्षामा वार्षिक चार हजार रुपैयाँ र कक्षा १० मा मासिक ७०० रुपैयाँका दरले सात हजार २०० रुपैयाँसम्म सहयोग शुल्क लिने बाध्य भएको बताए।

काठमाडौँकै त्रिपुरेश्वरस्थित विश्व निकेतन माध्यमिक विद्यालयमा कक्षा आठका लागि ३२५ नयाँ विद्यार्थीका लागि स्थान रहेकामा दुई हजार १०० ले आवेदन फारम भरेका छन् । विद्यालयका प्रधानाध्यापक हेरम्भराज कँडेलले नयाँ शैक्षिकसत्रका लागि विद्यार्थी प्रवेश निर्धारण तथा छनोट प्रक्रिया जारी रहेको बताए । सो विद्यालयमा कक्षा एकदेखि १२ सम्म चार हजार ४०० विद्यार्थी पढ्छन् । प्रधानाध्यापक कँडेलले सरकारको न्यून बजेटका कारण गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि वर्षभरीका लागि कक्षा एकदेखि आठसम्म न्यूनतम् एक हजार ४०० देखि दुई हजार ९०० रुपैयाँसम्म शुल्क लिने गरेको बताए। उनले करिब १०० विपन्न विद्यार्थीलाई भने पोसाकसहित छात्रवृत्ति दिने गरेको जनाए।

काठमाडौँकै बालाजुस्थित तरुण माध्यमिक विद्यालयमा नयाँ विद्यार्थीका लागि एक हजार ४०० फाराम वितरण गरिसकेको छ।

चाप बढ्न सक्ने भएकाले आजसम्म मात्रै फारम वितरण गरेर प्रवेश निर्धारण प्रक्रियाको तयारी गरिने विद्यालयका प्रधानाध्यापक बाबुराम न्यौपानेले जानकारी दिए। दुई हजार विद्यार्थी पढ्ने सो विद्यालयले मौखिक र सामान्य तरिकाबाट प्रवेश परीक्षा चलाउने तयारी गरेको छ। सो विद्यालयमा अभिभावकसँग आर्थिक सहायता शुल्क भनेर वार्षिक रूपमा कक्षा हेरेर बढीमा पाँच हजार रुपैयाँसम्म शुल्क लिने गरिएको छ।

रानीपोखरीस्थित दरबार हाइस्कुल (भानु मावि), पुतलीसडकको पद्मोदय मावि, मध्य बानेश्वरको रत्नराज्यलक्ष्मी मावि, बालुवाटारको महेन्द्र राष्ट्रिय मावि, कुमारीगालको श्रम राष्ट्रिय मावि, भक्तपुरको मेघा माविलगायतका विद्यालयमा विद्यार्थीको चाप हुने गरेको छ । उपत्यका बाहिर पनि धेरै विद्यार्थी भएका सामुदायिक विद्यालय सञ्चालित छन्।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्रकाशित 'शैक्षिक सूचना, २०८१' अनुसार मुलुकभर परम्परागतसमेत गरी २७ हजार २९८ सामुदायिक (सरकारी) र आठ हजार १४९ संस्थागत (निजी) गरी कूल ३५ हजार ४४७ विद्यालय छन्। उक्त प्रकाशनले विद्यार्थी संख्याका आधारमा एक हजार एकदेखि एक हजार ५०० सम्म विद्यार्थी भएका सामुदायिक विद्यालय ४४९, एक हजार ५०१ देखि दुई हजारसम्म विद्यार्थी भएका १३६ र दुई हजारभन्दा माथि सङ्ख्यामा विद्यार्थी भएका सामुदायिक विद्यालय १०० वटा रहेको देखाएको छ।

# त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा आपत्कालीन उद्धार अभ्यास सम्पन्न



**काठमाडौँ ।**

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा आज विमान दुर्घटनापछि गरिने उद्धारसम्बन्धी आपत्कालीन अभ्यास गरिएको छ ।

अन्तरराष्ट्रिय नागरिक उडड्यन मापदण्डअनुसार नियमित रूपमा गरिने यस्तो अभ्यासले सम्भावित विपद्का बेला समन्वय, दक्षता र तत्परतामा सुधार ल्याउने विश्वास गरिएको छ । अन्तरराष्ट्रिय नागरिक उड्डयन सङगठनका मापदण्ड तथा विमानस्थलको आपत्कालीन योजनाअनुसार प्रत्येक दुई वर्षमा पूर्णस्तरको अभ्यास सञ्चालन गरिँदै आएको विमानस्थलका महाप्रबन्धक टेकनाथ सिटौलाले जानकारी दिए ।

अभ्यासका क्रममा विमान दुर्घटनाको काल्पनिक दृश्य सिर्जना गरी आगलागी नियन्त्रण, घाइतेको उद्धार, प्राथमिक उपचार, अस्पतालसम्म सुरक्षित स्थानान्तरण तथा घटनास्थल व्यवस्थापनजस्ता अभ्यास गरिएको थियो ।

यो अभ्यासमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नागरिक उड्डयन प्राधिकरण, विमानस्थल कार्यालयका कर्मचारी, दमकल सेवा, एम्बुलेन्स टोली तथा अन्य सरोकारवाला निकायको सहभागिता थियो ।

महाप्रबन्धक सिटौलाका अनुसार यस्तो अभ्यासले आकस्मिक अवस्थामा देखिन सक्ने कमजोरी पहिचान गरी सुधार गर्न मद्दत पुऱ्याउनेछ । 'वास्तविक दुर्घटना हुँदा क्षणिक निर्णय, स्रोत व्यवस्थापन र प्रभावकारी समन्वय अत्यन्त महत्त्वपूर्ण हुन्छ । त्यसैले यस्ता अभ्यासले तयारीलाई अझ मजबुत बनाउँछ,' उनले भने ।

# उखुको जुस बेच्दै आत्मनिर्भर बन्दै युवा

**गोपालप्रसाद बराल/रासस**
**महोत्तरी।**
मधेश क्षेत्रमा दिनप्रतिदिन बढ्दो गर्मीसँगै उखुको जुस (रस) को व्यापार फस्टाएको छ। महोत्तरीका चोकबजार क्षेत्रमा विशेषगरी विदेशबाट फर्किएका युवाले यो व्यवसाय गरी स्वदेशमै आत्मनिर्भर बन्न थालेका छन्।



यो व्यवसाय गरेर आत्मनिर्भर बन्नेहरूमध्ये हुन्, मलेसिया र साउदी अरब गरेर चार वर्ष बिताएर स्वदेश फर्किएका सर्लाही ईश्वरपुर–१ का महम्मद अफजल। उनी हाल महोत्तरीको बर्दिबास चोकमा उखु पेलेर जुस बेच्ने गर्छन्।
अफजल भन्छन्, 'चार वर्ष विदेशमा गएर पसिना बगाइयो। अबचाहिँ ढुक्कले यहीँ काम गर्ने निधो गरेको छु। पछिल्ला तीन वर्षदेखि रिक्सा चलाउँदै जुस बेच्दै यसैबाट परिवारमा शिक्षादिक्षा र लालनपालन सहज बनेको छ।'
उनको परिवारमा चार छोरी, पत्नी गरी छ जना छन्। परिवारको भविष्यका लागि विदेशिन बाध्य अफजलले त्यहाँ गएर पनि सोचेजस्तो भएन। त्यसैले स्वदेशमै फर्किएर काम गर्न थालेको उनको भनाइ छ। 'विदेश जाँदा लागेको ऋणले थिचिएको थिएँ, अहिले यहीको कमाइले सबै तिरिसकेँ,' उनी भन्छन्, 'राम्रो सीप भएका दक्ष व्यक्तिलाई उता राम्रो होला, तर हामीजस्ता श्रम गरेर बाँच्नेलाई आफ्नै देशमा कुनै व्यवसाय गर्नु नै उपयुक्त हुने रहेछ। आफ्नै देशमा रोजाइको काम गर्दा कसैको हेपाइ पनि सहनु पर्दैन।'
धनुषाको मिथिला–१ का जगदीश साह पनि उखुको जुसको व्यापारबाट सन्तुष्ट छन्। 'अब विदेश जाने सोच नै छैन, धेरै दुःख भोगियो,' उन भन्छन्, 'दुई वर्षदेखि यो काम गर्न थालेपछि सानो–ठूलो खर्चका लागि कसैसँग हात थाप्नुपरेको छैन। परिवारसँगै बसेर काम गर्न पाउँदा विदेशको पीडा बिस्तारै बिर्सिंदै गएको छु।'
मध्य वैशाखसँगै यहाँ गर्मी पनि बढ्दैछ। गर्मीसँगै यहाँ जुसको व्यापार पनि फस्टाउँदै छ। बर्दिबास चोकमै जुस बेचिरहेका गौशाला–५ का मोहम्मद नासिरका अनुसार दिनभरि जुस बेच्दा तीन हजार रुपैयाँ भन्दा बढीको व्यापार हुन्छ, जसबाट करिब दुई हजार रुपैयाँ बचत हुने गरेको छ।
उखुको जुसको व्यापार वर्षभरि चल्ने भए पनि गर्मीयाममा यसको माग अत्यधिक बढ्ने व्यापारीहरू बताउँछन्। 'गर्मीमा उखुसँगै तुलसी र पुदिनाको पात मिसाएर जुस बनाउँछौँ, बरफ हालेर चिसो बनाउँदा ग्राहकले निकै मन पराउँछन्,' नासिर भन्छन्।
गौशाला–५ का व्यापारी मोहम्मद साबिर बढ्दो तापक्रमसँगै जुसको माग पनि बढ्ने गरेको बताउँछन्। 'जति गर्मी बढ्छ, जुस त्यति नै बढी बिक्छ। बेलाकै व्यापार हो, ग्राहकलाई जुस दिन भ्याइनभ्याइ हुन्छ।' महोत्तरीको बर्दिबास क्षेत्रमा मात्रै हाल करिब ३०–३५ जना यस व्यवसायमा संलग्न छन्। जलेश्वर, रामगोपालपुर, पिपरा, मटिहानी, सीतापुर बजार, औरही, गौशाला, सम्सी र लोहारपट्टीलगायत बजार क्षेत्रमा पनि उखुको जुसको व्यापार बढ्दो छ। यस व्यवसायमा संलग्नमध्ये धेरैजसो विदेशबाट फर्किएकाहरू छन्।
'विदेशमा ज्यान जोखिममा राखेर काम गर्नुभन्दा आफ्नै देशमा पसिना बगाउनु राम्रो हो,' अफजल भन्छन्, 'त्यहाँ धेरैले भनेको काम नपाएर दुःख पाइरहेका देख्दा मन दुख्छ।'
धेरैजसो युवाहरू आफ्नो नजिकको ठाउँभन्दा छिमेकी बजारमा व्यापार गर्न जाने गरेका छन्। सर्लाहीका विवेक कुशवाहा भन्छन्, 'आफ्नै ठाउँमा भन्दा अलि पर खुलेर काम गर्न पाइन्छ, त्यसैले बर्दिबास रोजेको हुँ। यो व्यवसायबाट राम्रो आम्दानी भइरहेको छ। अन्य साथीलाई पनि यसमा लाग्न प्रेरित गरिरहेको छु।'
करिब दुई लाख रुपैयाँ लगानीमा ठेला र मोटर जडान गरेर यो व्यवसाय सुरु गर्न सकिने व्यापारीहरूको अनुभव छ। उखु उधारोमा किनेर जुस बिक्रीबाट रकम तिर्न सकिने हुँदा पनि यो पेसा सहज बनेको छ। महोत्तरी, सर्लाही र धनुषामा उखुखेती प्रशस्त भएकाले कच्चा पदार्थको अभाव छैन।
स्वास्थ्यकर्मीका अनुसार उखुको रस ऊर्जादायी र स्वास्थ्यका लागि लाभदायक पेय हो। कुनै कृत्रिम पदार्थ मिसाउन नपर्ने भएकाले गर्मीयाममा यसको माग बढ्ने गरेको वरिष्ठ जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झाको भनाइ छ।
व्यापार राम्रो भए पनि सडकमा डुल्दै व्यापार गर्दा नगरपालिकाका कर्मचारीबाट अवरोध हुने गुनासो गरेका छन्। 'हामी सडक छेकेर बस्दैनौँ, डुल्दै व्यापार गर्छौं, तर पनि रोक्ने र दुःख दिने गरिन्छ,' व्यापारीले भन्ने गरेका छन्।
यस विषयमा बर्दिबास नगरपालिकाले भने व्यापार रोक्ने वा दुर्व्यवहार गर्ने जस्ता घटना नभएको स्पष्ट पारेको छ। 'महेन्द्र राजमार्ग विस्तारको काम भइरहेकाले अव्यवस्थित पार्किङ रोक्न सूचना जारी गरेका हौँ, त्यसबाहेक नियमानुसार काम गर्ने स्वरोजगारमूलक काम गर्ने व्यवसायीलाई समस्यामा पार्ने कुनै नीति छैन' प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले बताए।

# कानून सबैले पालना गर्नुपर्छः थापा



**सर्लाही।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले कानून सबैले समान रूपमा पालन गर्नुपर्ने बताएका छन्।
सर्लाही क्षेत्र नं ४ अन्तर्गत धनकौलबजारमा आयोजित कार्यक्रममा सभापति थापाले कानून नागरिकलगायत सरकारले पनि पालना गर्नुपर्ने धारणा राखे। सभापति थापाले सर्लाहीका स्थानीय प्रशासनलाई लक्षित गर्दै कानून कार्यान्वयनमा विभेद नगर्न आग्रह गरे।
उनले पार्टी वा व्यक्ति हेरेर कानून लाग्ने वा नलाग्ने कुरा पार्टीलाई सैह्य नहुने बताए।
उनले नेपाल–भारत सीमा क्षेत्रमा दैनिक उपभोग्यवस्तु किनमेलमा लगाइएको सीमाबारे पुनर्विचार गर्न सरकारलाई आग्रह गरे।
थापाले आफू सर्लाही क्षेत्र नम्बर–४ का २३ हजार जनताको प्रतिनिधि रहेको उल्लेख गर्दै यहाँको शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा काम गर्ने प्रतिबद्धता जनाए।

# शिक्षा सुधारका लागि सहकार्य अपरिहार्यः सभामुख



**महेन्द्रनगर।**
मधेश प्रदेशका सभामुख रामअशिष यादवले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रधानाध्यापकको भूमिका नेतृत्वदायी हुने बताएका छन्।
जनकपुरधामस्थित श्री आधारभूत विद्यालय मानसिंहपट्टि, तेतरियामा आयोजित 'शिक्षा स्तरीयताका लागि सभामुखसँग प्रधानाध्यापकहरूको अन्तरक्रिया' कार्यक्रममा उनले उनले शिक्षक, अभिभावक, समाज तथा स्थानीय जनप्रतिनिधिहरूसँग समन्वय र सहकार्य गरेर मात्र शिक्षा क्षेत्रको समग्र सुधार सम्भव हुने विचार व्यक्त गरे।
सभामुख यादवले विद्यालयलाई शैक्षिक रूपान्तरणको केन्द्रका रूपमा विकास गर्नुपर्नेमा जोड दिँदै त्यसका लागि प्रधानाध्यापकहरूलाई व्यवस्थापन, अनुगमन र नेतृत्वमा सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरे। उनले गुणस्तरीय शिक्षाका लागि तीनै तहका सरकारबीच प्रभावकारी समन्वयमार्फत व्यावहारिक, प्रविधिमैत्री र प्रतिस्पर्धात्मक शिक्षा बनाइनुपर्ने धारणा राखे।
कार्यक्रममा मधेश प्रदेश नीति आयोगका पूर्वउपाध्यक्ष प्रा.डा. भोगेन्द्र झाले शिक्षाको विकासबिना कुनै पनि देश वा प्रदेश समृद्ध हुन नसक्ने स्पष्ट पारे। उनले सामुदायिक विद्यालयको वर्तमान अवस्था चुनौतीपूर्ण रहेको र सुधारका लागि नीति निर्माणदेखि कार्यान्वयन तहसम्म गम्भीरता अपनाउनुपर्नेमा जोड दिए।
कार्यक्रममा विभिन्न विद्यालयका प्रधानाध्यापकहरूले आ–आफ्ना विद्यालयका अनुभव, समस्या तथा सुधारबारे धारणा राखेका थिए। उनीहरूले शिक्षक अभाव, भौतिक पूर्वाधारको कमी, प्रविधिको अभाव तथा अभिभावकको न्यून सहभागिता जस्ता चुनौतीहरू प्रस्तुत गरेका थिए।

# दृष्टि गुमाएकाहरूको दृष्टि फर्काउँदै लहान नगरपालिका



**सिरहा।**
लहान नगरपालिका–१७ का ६० वर्षीय हरि सदा र उनकी ५८ वर्षीया श्रीमती सुकुमरिया सदाको संसार विस्तारै धमिलिँदै गएको थियो। झन्डै दुई वर्षदेखि आँखाको ज्योति कमजोर हुँदा दुवै जनाको जीवन अँध्यारोतिर धकेलिएको थियो। मनमा अस्पताल जाने रहर नभएको होइन, तर आर्थिक अभावले पाइला रोकिदिन्थ्यो।
'आँखा नदेख्दा आफ्नै आँगनमा हिँड्डुल गर्न पनि मुस्किल थियो,' सुकुमरियाले भनिन्, 'डाक्टरलाई देखाउन र अप्रेसन गर्न पैसा कहाँबाट ल्याउने ? त्यही पीरले बसिरह्यौँ।'
यस्तै समस्या थियो सोही वडाका ७० वर्षीय हिरा चौधरी र उनकी श्रीमती ७० वर्षीया निमानी चौधरीको पनि। बुढ्यौलीले छोपेको शरीर, त्यसमाथि गुम्दै गरेको दृष्टिले यो दम्पतिलाई अरूकै सहारामा बाँच्नुपर्ने बनाएको थियो।
वैशाख १२ गतेपछि भने उनहरूको जीवनमा खुसी फर्किएको छ। लहान नगरपालिकाले सगरमाथा चौधरी आँखा अस्पतालसँगको प्राविधिक सहकार्यमा वडा नं १७ मा निःशुल्क आँखा जाँच शिविर सञ्चालन गरेपछि त्यो खुसी फर्किएको हो। शिविरमा पुगेका दुई सय ५० जनामध्ये हरि सदा र हिला चौधरीको दम्पतीसहित ४७ जनामा मोतियाविन्दु भएको पुष्टि भयो।
नगरपालिकाले केवल रोग मात्र पहिचान गरेन, बिरामीहरूलाई गाउँदेखि अस्पतालसम्म पुर्‍याउन नगर बसको समेत व्यवस्था गरिदियो। सामान्यतया एउटा आँखाको मोतियाविन्दु शल्यक्रिया गर्न करिब रु नौ हजार खर्च लाग्ने गर्दछ। नगरपालिकाले दुवै आँखाको सबै खर्च व्यहोररे उपचार गरेपछि खुसी फर्किएको हो। बुधबार अस्पतालको शय्यामा उपचाररत ती ४७ जना बिरामीलाई भेट्न नगरप्रमुख महेशप्रसाद चौधरी आफैँ पुगे। उनले बिरामीहरूलाई जुस वितरण गर्दै स्वास्थ्य लाभको कामना गर्दा बिरामीका आँखा कृतज्ञताले भरिएका थिए।
'मैले सोचेको पनि थिइनँ कि सरकारले यसरी घरमै आएर आँखा जचाइदिन्छ र अस्पताल ल्याएर निःशुल्क अप्रेसन गरिदिन्छ,' हिरा चौधरीले हर्षित हुँदै भनिन्, 'अब संसार फेरि सफा देख्न पाउने भएँ। विस्तारै सबै दुःख बिर्सिंदै जानेछु।'

**मोतियाविन्दुमुक्त नगरको सपना**


नगरपालिकाले विगत तीन वर्षदेखि अस्पतालसँग सम्झौता गरी यो अभियानलाई निरन्तरता दिँदै आएको छ। नगरप्रमुख महेशप्रसाद चौधरीका अनुसार लहानलाई 'मोतियाविन्दुमुक्त नगर' बनाउने लक्ष्यका साथ यो कार्यक्रम अघि बढाइएको हो।
'हाम्रो नगरमै एसियाकै उत्कृष्ट र आधुनिक प्रविधिसहितको सगरमाथा चौधरी आँखा अस्पताल छ।
यति नजिकै सुविधा हुँदाहुँदै पनि हाम्रा नागरिक पैसाको अभावमा अन्धोपनमा बस्नुपर्नु निकै दुःखद कुरा हो,' नगरप्रमुख चौधरीले भने, 'त्यसैले 'कोही पनि नगरवासीले आर्थिक अभावका कारण ज्योति गुमाउनु नपरोस्' भन्ने उद्देश्यले हामीले शिविरका सबै खर्च नगरपालिकाले व्यहोर्ने निर्णय गरेका हौँ।'
उनका अनुसार चालु आर्थिक वर्षमा मात्रै नगरपालिकाका २४ वडामध्ये १५ वटामा शिविर सम्पन्न भइसकेको छ।

**तथ्याङ्कमा अभियानको प्रभाव**

लहान नगरपालिका र सगरमाथा चौधरी आँखा अस्पतालबीचको साझेदारी केवल एउटा औपचारिक कार्यक्रममा मात्र सीमित नभई दृष्टिविहीनता विरुद्धको एक सशक्त महाअभियानका रूपमा अगाडि बढेको नगरप्रमुख चौधरीले बताए।
नगरपालिकाले चालेको 'मोतियाविन्दुमुक्त नगर' बनाउने अठोटका कारण पछिल्ला वर्षहरूमा हजारौँ विपन्न नागरिकको जीवनमा उज्यालो फर्किएको उनको भनाइ छ।
सगरमाथा चौधरी आँखा अस्पतालका शिविर संयोजक राजकुमार राउतका अनुसार पछिल्ला तीन आर्थिक वर्षमा यस सहकार्यले उत्साहजनक सफलता हासिल गरेको छ।
यहाँ सञ्चालन गरिएका विभिन्न शिविरमार्फत हालसम्म १७ हजारभन्दा बढी नगरवासीको निःशुल्क आँखा जाँच गरिएको छ। ती शिविरहरूमा मोतियाविन्दु पहिचान भएका करिब दुई हजार ५ सय विपन्न बिरामीहरूको निःशुल्क शल्यक्रिया सम्पन्न गरिएको संयोजक राउतले जानकारी दिए।
यस्तै, दृष्टिमा समस्या भएका आठ हजारभन्दा बढी व्यक्तिलाई निःशुल्क चस्मा तथा औषधि उपलब्ध गराइएको छ।
लहानमा अवस्थित यस अस्पतालले स्थानीय स्तरमा मात्र नभई अन्तरराष्ट्रिय स्तरमै आफ्नो पहिचान बनाएको छ। अस्पताल प्रशासनका अनुसार यहाँ नेपालका विभिन्न जिल्ला र छिमेकी देश भारतबाट समेत गरी वार्षिक रूपमा करिब २५ लाख आँखाका बिरामीहरूले विशेषज्ञ सेवा प्राप्त गर्दै आएका छन्।
शिविर संयोजक राउत भन्छन्, 'हामीसँग दक्ष जनशक्ति र विश्वस्तरीय आधुनिक प्रविधि छ। विभिन्न स्थानीय तहसँगको समन्वयमा सञ्चालन हुने यस्ता शिविरहरूले अस्पतालसम्म आउन नसक्ने दुर्गम र विपन्न बस्तीका नागरिकहरूलाई प्रत्यक्ष फाइदा पुर्‍याइरहेको छ।'
नगरप्रमुख चौधरीको नेतृत्वमा अघि बढाइएको यो अभियानले आर्थिक रूपमा अति विपन्न र पछाडि पारिएका हरि सदा र हिरा चौधरी जस्ता सयौँ ज्येष्ठ नागरिकलाई नयाँ जीवन दिएको छ। रासस

# भन्सार कार्यालयद्वारा ई–स्कुरको विवरण सार्वजनिक

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज भन्सार कार्यालयले



अवैध रूपमा नेपाल भित्र्याइएका विद्युतीय सवारी साधन (ई–स्कुटर) सम्बन्धी विस्तृत विवरण सार्वजनिक गरेको छ। विभिन्न समयमा नियन्त्रणमा लिइएका स्कुटरको सूची सार्वजनिक गरिएको कार्यालयले जनाएको छ। भन्सार कार्यालयका अनुसार भन्सार प्रक्रिया पूरा नगरी भारतबाट नेपाल भित्रयाइएका विभिन्न ब्राण्डका ई–स्कुटर जफत गरिएको हो। भन्सारले सम्बन्धित सवारीधनी वा दाबीवालालाई स्वामित्व प्रमाणित गर्ने कागजातसहित तोकिएको समयभित्र सम्पर्क गर्न आग्रह गरेको छ। अन्यथा प्रचलित कानूनअनुसार थप कारबाही अघि बढाइने चेतावनी दिइएको छ। सीमावर्ती क्षेत्रमा पछिल्लो समय भन्सार छलि गरी विद्युतीय सवारी भित्र्याउने क्रम बढेपछि निगरानी कडा पारिएको जनाएको छ। राजस्व चुहावट नियन्त्रण गर्न यस्ता अवैध आयातविरुद्ध कारबाही जारी रहने भन्सार कार्यालयले स्पष्ट पारेको छ।

# नहर अतिक्रमण हटाउन चार सय घरटहरा हटाइँदै

**रौतहट।**
बागमती सिँचाइ आयोजनाअन्तर्गत रौतहट क्षेत्रमा नहर अतिक्रमण गरी बनाइएका करिब चार सय घरटहरा हटाइने भएको छ। आयोजनाले २०८२ चैत २६ गते सातदिने सार्वजनिक सूचना जारी गर्दै नहरको दुवै किनारमा बसोबास गर्दै आएका स्थानीयलाई संरचना हटाउन आग्रह गरिसकेको छ।
रौतहटको चन्द्रपुर नगरपालिका–५ र ६ क्षेत्रमा स्थानीयले विगत करिब २८ वर्षदेखि नहरको जमिन अतिक्रमण गरी बसोबास गर्दै आएका छन्। सूचना जारी गरिए पनि अतिक्रमित संरचना नहटाइएकाले अब बल प्रयोग गरेर हटाउने तयारी गरिएको बागमती सिँचाइ आयोजना कर्मैयाका आयोजना प्रमुख सन्तोष चौधरीले जानकारी दिए।
केही दिनभित्र चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जयकुमार काफ्ले, रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल तथा सुरक्षा निकायका प्रतिनिधिसहितको टोलीले स्थलगत अनुगमन गरी अतिक्रमण हटाउने प्रक्रिया अघि बढाइने उनले बताए। करिब साढे तीन सयदेखि चार सयसम्म घरटहरा हटाइने चौधरीले बताए।
जलस्रोत तथा सिँचाइ विभागको निर्देशन तथा नेपाल सरकारको शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यसूचीअनुसार सार्वजनिक जग्गाको संरक्षण, डिजिटल अभिलेख तयारी, निगरानी प्रणाली सुदृढीकरण र अवैध कब्जा हटाउने अभियानअन्तर्गत यो कदम चालिएको उनले बताए।
आयोजना प्रमुख चौधरीले भने, 'सरकारको नीतिअनुसार नयाँ अतिक्रमण रोक्ने र पुराना अवैध संरचना हटाउने अभियान सुरु भएको छ।
यहाँ चन्द्रपुर नगरपालिका–१ स्थित बागमतीदेखि गुजरा नगरपालिकाको धन्सार खोलासम्म मूल नहर क्षेत्रको एक सय २५ मिटर क्षेत्र खाली गर्नुपर्ने छ, जसमा पूर्वतर्फ ६५ मिटर र पश्चिमतर्फ ६० मिटर क्षेत्र नहरअन्तर्गत पर्छ।'
प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले पनि नहर क्षेत्रको अतिक्रमण चाँडै हटाइने स्पष्ट पारेका छन्। 'स्वतः नहटाए संरचना भत्काइन्छ, छिट्टै आवश्यक छलफल गरेर कार्यान्वयनमा जान्छौँ।'
रौतहट क्षेत्र नं ४ का प्रतिनिधिसभा सदस्य गणेश पौडेलले नहर व्यवस्थापन र सिँचाइ विस्तारका लागि सरकारले यस्तो निर्णय लिएको बताए। बागमती सिँचाइ आयोजना राष्ट्रिय गौरवको आयोजना भएकाले यसको व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ छ।
सुनकोसी–मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाबाट थप पानी ल्याई सिँचाइ क्षेत्र विस्तार गर्ने योजना पनि अघि बढाइएको जानकारी दिँदै उनले नहर क्षेत्रमा बसोबास गर्ने वास्तविक भूमिहीनको पहिचान गरी व्यवस्थित गर्नुपर्ने आवश्यकता औँल्याए।
यता नहर क्षेत्रमा बसोबास गर्दै आएका स्थानीय भने वास्तविक सुकुमबासीको पहिचान गरी उचित व्यवस्थापन गर्न माग गर्दै नगरपालिकामा ध्यानाकर्षण गराएका छन्। रासस

## सम्पादकीय

# मधेशमा घरटहरा हटाउने अभियान: विकास र मानवीय संवेदनाबीचको द्वन्द्व

हालै मधेश प्रदेशमा सार्वजनिक जग्गा अतिक्रमण हटाउने अभियानले तीव्रता पाएको छ । वीरगंज महानगरपालिकाले सडक विस्तारका लागि गण्डकदेखि मितेरी पुलसम्मका १,००० भन्दा बढी अवैध संरचना हटाउन सुरु गरेको छ भने रौतहटमा बागमती सिँचाइ आयोजनाको नहर किनारमा रहेका करिब ४०० घरटहरा हटाउने तयारी भइरहेको छ । यसैबीच, जनकपुरस्थित मधेश भवनमा सुकुम्बासीहरूले घेराउ गरी विकल्पबिना उठीबास लगाउन नपाइने माग राख्दै आन्दोलन गरिरहेका छन् । देशभरबाट सुरु भएको सुकुम्बासी आन्दोलन अहिले मधेशमा केन्द्रित भएको देखिन्छ, जसले विकास र मानवीय संवेदनाबीचको गम्भीर द्वन्द्वलाई उजागर गरेको छ।

यस अभियानका केही सकारात्मक पक्षहरू छन् । सार्वजनिक जग्गाको संरक्षण, सहरी सौन्दर्यकरण, र ट्राफिक व्यवस्थापनमा सुधार यसका मुख्य उपलब्धिहरू हुन् । सडक विस्तारले यातायातलाई सहज बनाउने र विकास आयोजनाहरू (जस्तै सिँचाइ) को कार्यान्वयनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । व्यवस्थित सहर र पूर्वाधार विकासले दीर्घकालमा आम नागरिकलाई फाइदा पु¥याउने निश्चित छ । अतिक्रमण हटाउँदा राज्यको सम्पत्ति फिर्ता हुने र त्यसको उचित प्रयोगका लागि मार्ग प्रशस्त हुने देखिन्छ।

तर, यस अभियानका नकारात्मक प्रभावहरू पनि उत्तिकै चिन्ताजनक छन् । सबैभन्दा ठूलो प्रभाव गरिब र सुकुम्बासी वर्गमा परेको छ, जसको बासस्थान र रोजीरोटी खोसिएको छ । विकल्पबिना उठीबास लगाउँदा उनीहरू थप मानवीय संकटमा पर्ने निश्चित छ। यसले सामाजिक असन्तोष बढाएको छ र सुकुम्बासी आन्दोलनलाई थप बल पु¥याएको छ । प्रहरी र प्रदर्शनकारीबीच झडपको जोखिम पनि बढेको छ, जसले शान्ति सुरक्षामा चुनौती थपेको छ।

साना व्यवसायीहरू, जसले सडक किनारमा पसल थापेर जीविकोपार्जन गरिरहेका थिए, उनीहरूको रोजीरोटी गुम्ने खतरा बढेको छ । यसले स्थानीय अर्थतन्त्रमा नकारात्मक असर पार्न सक्छ र बेरोजगारीको समस्यालाई थप जटिल बनाउन सक्छ । हतारमा र विकल्पबिना गरिने यस्ता कार्यले दीर्घकालीन सामाजिक समस्याहरू निम्त्याउन सक्छ, जसको समाधान गर्न राज्यलाई थप स्रोत र समय खर्चिनुपर्ने हुन्छ । मानवीय पक्षलाई बेवास्ता गर्दा विकासको औचित्यमाथि नै प्रश्न उठ्न सक्छ।

अतः, मधेशमा चलिरहेको घरटहरा हटाउने अभियानलाई अगाडि बढाउँदा सरकारले मानवीय संवेदनालाई प्राथमिकता दिनुपर्छ । सुकुम्बासीहरूको यकिन पहिचान गरी उनीहरूको उचित व्यवस्थापनका लागि स्पष्ट योजना बनाउनु आवश्यक छ । कानूनी प्रक्रिया र मानवीय संवेदनाबीच सन्तुलन कायम गर्दै स्थानीय सरकार र आन्दोलनकारीबीच सार्थक वार्ताको माध्यमबाट दिगो समाधान खोज्नुपर्छ । विकासको नाममा कसैलाई पनि घरबारविहीन बनाउनु हुँदैन, बरु सबैको सम्मानजनक जीवनयापनको अधिकार सुनिश्चित गर्नुपर्छ।

# कर्मचारीको बढुवा अब कार्य मूल्याङ्कन सूचकका आधारमा हुने

नारायण न्यौपाने/रासस

सरकारले निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन तथा नेतृत्व विकासलाई वस्तुगत र व्यावहारिक बनाउन लागेको छ । सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा निजामती सेवालाई बढी कार्यमूलक, नतिजामुखी र सेवाग्राहीमैत्री बनाउन कार्य सम्पादन मूल्याङ्कन प्रणाली सुधारमा जोड दिइएको छ।

विधेयकलाई जनचाहना र सरोकारवालाको सुझावका आधारमा परिष्कृत बनाउन सामान्य प्रशासन तथा सङ्घीय मामिला मन्त्रालयले विधेयकमाथि सुझाव सङ्कलन गरिरहेको छ । गत शुक्रबार सार्वजनिक गरिएको विधेयकको मस्यौदामाथि कर्मचारीको अनिवार्य अवकाश, उम्मेर हद, बढुवा र सचिवको पदावधिलगायत विषयमा छ हजारभन्दा बढी सुझाव प्राप्त भइसकेको छ । अघिल्लो प्रतिनिधिसभा र राष्ट्रियसभामा छलफल भई निष्कर्षोन्मुख त्यस विधेयकलाई आधार मानी वर्तमान सरकारले मस्यौदालाई अन्तिम रुप दिएको हो।

मन्त्रालयका सहसचिव प्रकाश दाहालका अनुसार विभागीय प्रमुख, कार्यालय प्रमुख, सहसचिव, सचिव र मुख्यसचिव सबैको वस्तुगत कार्यसम्पादन सम्झौता गरी सूचकका आधारमा वस्तुनिष्ठ मूल्याङ्कनबाट बढुवा, सेवा सुविधा, जिम्मेवारी, दण्ड र पुरस्कारको भागेदारी बनाइनेछ । सङ्घीय निजामती सेवालाई राष्ट्रहित र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिक रूपमा तटस्थ, पेसागत रूपमा सक्षम, सुदृढ, सेवामूलक, जनउत्तरदायी, समावेशी, पारदर्शी, परिणाममुखी, प्रविधिमैत्री र व्यावसायिक बनाउँदै सुशासनयुक्त संयन्त्रका रूपमा विकास गर्ने उद्देश्य विधेयकमा राखिएको छ।

मस्यौदामा खासगरी प्रशासनिक सङ्घीयता कार्यान्वयन, नेतृत्व विकास र बढुवालाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइएको छ । निजामती सेवामा अवसरका सबै विषय कार्य मूल्याङ्कनमा आधारित हुने भएकाले बढुवा फारममा शतप्रतिशत नम्बर दिएर पदोन्नति हुने पद्धतिको अब अन्त्य हुने विश्वास गरिएको छ । स्थायी सरकारका रुपमा रहेका निजामती कर्मचारीको पदोन्नतिका लागि कार्यसम्पादन सूचक तथा वार्षिक कार्यक्रमको प्रगति, आचरण, अनुशासन तथा नैतिक परीक्षण र सेवाग्राहीको पृष्ठपोषणका आधारसमेत लिइनेछ।

विगतमा पूर्णाङ्क बराबरको नम्बर दिनुपर्छ भन्ने कहीँ उल्लेख नभए पनि मोलाहिजा, आश र त्रासले शतप्रतिशत नम्बर प्रदान गर्ने गरिएको भन्दै आलोचना हुँदै आएको थियो । प्रस्तुत विधेयकले काम गर्ने र नगर्ने कर्मचारीबीचको विभेद छुट्याउने विषयलाई बाध्यकारी बनाएको छ । प्रशासनिक सङ्घीयता कार्यान्वयनमा पनि प्रस्तुत विधेयक एक कदम अगाडि रहेको विज्ञको धारणा छ।

लामो अनुभव, विषयविज्ञता र विशेषज्ञता हासिल गरेका निजामती सेवामा उपल्लो तह अर्थात सचिवको जिम्मेवारीमा रहेकाको कार्य मूल्याकनका आधारमा एकवर्षे कार्यकाल थप गर्नसक्ने व्यवस्था प्रस्ताव गरिएको छ । यसअनुरुप अधिकृत चौधौँ र तेह्रौँ तहका निजामती कर्मचारीको सेवा अवधि दुई वर्ष रहने भए पनि सरकारले कार्यदक्षताको आधारमा अधिकृत तेह्रौँ तहको कर्मचारीको भने पदावधि बढीमा एक वर्ष थप गर्न सक्नेछ।

निजामती सेवालाई विशिष्टिकृत, नेतृत्व विकासलाई वस्तुगत र कार्यसम्पादन व्यावहारिक तुल्याउन उच्च तहको कर्मचारीका सेवावधि तोक्न र थप्न सक्ने व्यवस्था ऐनमै राख्न प्रस्ताव गरिएको हो । हाल मुख्यसचिवको पदावधि तीन वर्षको छ भने सचिवको अवधि पाँच वर्ष रहिआएको छ । विशिष्ट श्रेणीमा पुगेका परिपक्व कर्मचारीको छोटो अवधिमै सरुवा नगर्ने विषय ऐनमै समावेश छ।

अघिल्लो प्रतिनिधिसभा र संसदीय समितिमा निकै चर्चा, बहस र रस्साकस्सी बनेको 'कुलिङ पिरियड'सम्बन्धी प्रावधान प्रस्तुत विधेयकमा समेटिएको छ । निश्चित अवधि निर्णायक तहमा बसेर काम गरेको कर्मचारीको संवैधानिक निकायलगायतमा हुनसक्ने नयाँ नियुक्ति व्यक्तिगत स्वार्थसँग जोडिनसक्ने पाटोलाई दुईवर्षे 'विश्राम अवधि'सम्बन्धी व्यवस्थाका लागि प्रस्ताव गरिएको हो । त्यस्तै, कर्मचारी ट्रेड युनियनका सम्बन्धमा विभिन्न खाले प्रतिक्रिया सार्वजनिक भइरहेको अवस्थामा शान्तिसुरक्षा र प्रशासनिक सेवामा राज्यले आफ्नो निर्णय लिनसक्ने अन्तरराष्ट्रिय महासन्धिलाई आत्मसात् गरेको देखिएको छ । निजामती सेवालाई निष्पक्ष, तटस्थ र व्यावसायिक बनाउन ट्रेड युनियन आवश्यक नरहेको आमनागरिकको प्रतिक्रिया छ । यद्यपि, मस्यौदामा समेटिएका यी यस्ता पेचिला विषय संसद्मा हुने बहसबाट निष्कर्षमा पुग्नेछन्।

निजामती कर्मचारी ऐनले नागरिकको आवाज र गुनासोलाई के कति सम्बोधन गर्न सक्छ भनी विधेयकमै परिभाषित गरिएको छ । प्रस्तावित मस्यौदामा स्थानीय सेवा र प्रदेश निजामती सेवा सञ्चालन ऐनमा दुवै तहका सेवालाई यस ऐनले मागदर्शन गर्नेछ । प्रस्तावित ऐन जारी भएपछि यससँग सम्बन्धित अन्य ऐनमा पनि एकरुपता कायम हुनेछ । यसले तीन तहकै कर्मचारीको वृत्ति विकास र आधारभूत सेवा र सुविधा समान हुनेछ।

मन्त्रालयका अधिकारीहरु समग्रतामा प्रस्तावित नयाँ विधेयक कर्मचारीमैत्रीका रुपमा लिन सकिने बताउँछन् । अनुशासित भएर कर्मचारीले आफूसँग भएको ज्ञान, सीप, योग्यताको सदुपयोग गरी जनहित र देश विकासमा योगदान दिनुपर्छ । विगतमा कर्मचारी समायोजन ऐनबाट गरिएका निर्णयले अझैसम्म केही समस्या सिर्जना गरेकामा त्यसलाई पनि सम्बोधन गर्नेछ । संविधानमा स्पष्ट नभएको तीन तहबीचको प्रशासनिक अन्तरसम्बन्धलाई पनि यस मस्यौदाले समेटेको छ । यस विधेयकले प्रशासनिक सङ्घीयता कार्यान्वयनमा रहेका जटिलता पनि समाधान हुने विश्वास गरिएको छ।

विधेयकमा उपसचिव र सहसचिव श्रेणीमा १० प्रतिशत खुल्ला प्रतिस्पर्धा तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचका कर्मचारीले १० प्रतिशत अन्तर तह प्रतिस्पर्धा गर्न पाउने प्रस्ताव गरिएको छ । यो प्रावधान नयाँ हो, जसबाट क्षमतावान् जनशक्ति भित्रयाउन सहयोग पुग्नेछ । विधेयकमा कर्मचारीको उमेर हद बढाएर ६० वर्ष प्रस्ताव गरिएको छ । यसअघि निजामती सेवा विधेयकमा ५८ वर्षमा अनिवार्य अवकाश हुने व्यवस्था थियो।

कम उमेरमा तालिम र अनुभव प्राप्त दक्ष जनशक्ति अवकाश हुँदा नीतिनिर्माण र सेवा प्रवाहमा परिपक्व तथा सरकारका अभ्यास तथा प्रणाली बुझेका कर्मचारीको व्यवस्थापनका लागि ६० वर्ष सेवावधि प्रस्ताव गरिएको मन्त्रालयको दाबी छ । कम उमेरमा अवकाश दिँदा राज्यलाई थप वित्तीय दायित्व बढ्ने पक्षलाई ख्याल गरिएको छ।

प्रस्तुत ऐन प्रारम्भ भएको आर्थिक वर्षमा ५८ वर्ष, दोस्रो आवमा ५९ वर्ष उमेर पूरा भएपछि अवकाश पाउने प्रावधान राखिएको छ । राजपत्राङ्कित विशिष्ट श्रेणीका निजामती कर्मचारीको हकमा भने पदावधि वा उमेरमध्ये जुन आधारमा पहिले अवकाश हुने हो सोही आधारमा हुनेछ । निजामती सेवामा आर्थिक योजना तथा तथ्याङ्क, इन्जिनियरिङ, कृषि, न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण, वन, विविध, शिक्षा र सूचना प्रविधि सेवा रहने प्रस्ताव गरिएको छ । निजामती सेवामा श्रेणीगत र तहगत गरी मिश्रित संरचना रहनेछन्।

राजपत्राङ्कित विशिष्ट श्रेणीमा अधिकृत चौधौँ र तेह्रौँ, प्रथम श्रेणीमा अधिकृत बाह्रौँ र एघारौँ, द्वितीय श्रेणीमा अधिकृत दसौँ र नवौँ, तृतीय श्रेणीमा अधिकृत आठौँ, सातौँ र छैटौँ तथा राजपत्र अनङ्कित प्रथम श्रेणीमा सहायक पाँचौँ, द्वितीय श्रेणीमा सहायक चौँथो, तृतीय श्रेणीमा सहायक तेस्रो, चतुर्थ श्रेणीमा सहायक दोस्रो र पाँचौँ श्रेणीमा सहायक पहिलो रहने प्रस्ताव गरिएको छ।

राजपत्र अनङ्कित वा सहायक तहको पदमा १८ वर्ष उमेर पूरा भएको हुनुपर्नेछ भने राजपत्राङ्कित वा अधिकृत तहको पदमा २१ वर्ष उमेर पूरा भएको व्यक्तिले प्रतिस्पर्धा गर्न पाउनेछ । निजामती सेवामा पुरुष उम्मेदवारको हकमा ३२ वर्ष र महिला उम्मेदवारको हकमा ३५ वर्ष उमेर पूरा नभएको तथा अपाङ्गता भएको व्यक्ति ३९ वर्षसम्म उम्मेदवार हुन पाउनेछ । हाल पुरुषको ३५ वर्ष छ भने महिलाको ४० वर्षसम्म निजामती सेवामा प्रवेशको मापदण्ड रहेको छ।

पूर्वसचिव कृष्णहरि बाँस्कोटा राजनीतिक रुपमा तटस्थ, सरकारको चाहनाअनुरुप आफ्ना अनुभव र सूचना उपलब्ध गराउने तथा कानूनविपरीतका कार्य रोक्न आवश्यक सल्लाह दिने स्थायी सरकारका रुपमा निजामती सेवालाई लिने गरिएको बताए । उनले भने, 'प्रस्तावित विधेयकले सुशासन कायम गर्न निकै मद्दत गर्छ, कर्मचारीलाई श्रेणी र तह दुबैमा सम्मिश्रण गरिएको छ, जसले कर्मचारीभित्रको विभेद् अन्त्य गर्न, मनोबल उकास्न र सुशासन कायम गर्न प्रेरित गर्छ । कर्मचारीका सेवा, सुरक्षा र गुनासोलाई सम्बोधन गर्न बोर्डको व्यवस्था गरेको छ । विशिष्ट क्षमता भएका व्यक्तिलाई बाहिरबाट ल्याउन बाटो खोलेको छ ।' ऐनमा समेटिएका प्रावधानले कर्मचारी उत्प्रेरित भई सुशासन कायम हुनेमा सुनिश्चित गर्ने राष्ट्रिय सूचना आयोगका पूर्वअध्यक्ष बास्कोटाको भनाइ छ।

असल नियतले गरेको कामको बचाउ, मुद्दाका सन्दर्भमा पक्राउ गर्न परेमा अख्यिारवालाको सहमति लिनुपर्ने, तलबको नियमित पुनारावलोकन, देशको वित्तीय क्षमताले भ्याउनेसम्मको सुविधाको व्यवस्था रहेकाले विधेयकको मस्यौदा कर्मचारीमैत्री रहेको दाबी गरिएको छ । केन्द्रदेखि स्थानीय तहसम्म तहगतरुपमा लैजाने र तहगत प्रणालीले सङ्घीयतालाई समन्वय र एकीकृत गराउने र सुशासन र सेवा प्रवाहमा असर गरिरहेको सरकारी निकायमा ट्रेड यूनियन नराख्ने विषय सकारात्मक विज्ञहरुको भनाइ छ।

त्यस्तै सरुवा प्रणालीलाई अनुमान योग्य, पारदर्शी र अनिवार्य गरेको तथा कर्मचारीमा आचरणका नियमहरुले मर्यादित भएर काम गर्न प्रेरित गर्ने देखिएको उहाँहरुको भनाइ छ । गुनासा सुनुवाइ संयन्त्र गठन तथा प्रशासन सुधार नियमित गर्ने विषयलाई सकारात्मक पक्षका रुपमा लिइएको छ । सेवा प्रवेशको हालको उमेर अवधिलाई पनि चरणबद्ध रुपमा घटाउनुपर्ने विज्ञहरुको सुझाव छ।

# पश्चिम एशिया द्वन्द्वको मारमा नेपालको पर्यटन क्षेत्र

अच्युत रेग्मी/रासस

पश्चिम एशियामा विगत केही हप्तादेखि भू–राजनीतिक तनाव बढिरहँदा यसको असर नेपालका अन्य क्षेत्रहरुका अतिरिक्त पर्यटन क्षेत्रमा पनि देखिएको छ।

अमेरिका, इजरायल र इरानमा जारी द्वन्द्व र अस्थिरताको असर नेपालको पर्यटन क्षेत्रमा देखिएको हो । नेपालमा पर्यटकीययाम सुरु भएपनि पश्चिम एशियामा जारी तनावले नेपाल घुम्न आउन चाहेका विदेशी पर्यटकले पनि भ्रमणको योजना पछि सारेका पाइएको छ।

नेपाल एशोसियसन टुर्स एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा)का पूर्वअध्यक्ष सिएन पाण्डे पश्चिम एशियाको समस्याले संयुक्त अरब इमिरेट्स, कतार र टर्कीजस्ता 'ट्रान्जिट प्वाइन्ट'मा समेत तनाव बढेको छ । यसका कारण उडान अनिश्चित हुँदा नेपाल आउने पर्यटकको संख्यामा कमी आएको बताउँछन्।

एकातिर द्वन्द्वका कारण हवाई इन्धनको मूल्यमा भारी वृद्धि भएको छ भने अर्कातर्फ नियमित र छोटा उडान पनि अव्यावहारिक र निकै लामो एवं झन्झटिलो ट्रान्जिटका साथ हुने गर्नाले उडान पनि कम हुने गरेका छन्।

यसरी पर्यटकीय सिजनको मुखमा हवाई इन्धनको मूल्य बढ्दा टिकटको दरसमेत उच्च भएका कारण नेपालमा अपेक्षाअनुसारको पर्यटक आउन नसकेको नाट्टाका पूर्वअध्यक्ष पाण्डे बताउँछन्।

नेपाल पर्यटन बोर्डका अनुुसार सन् २०२५ को मार्चको तुलनामा सन् २०२६ को मार्चमा नेपालमा आउने विदेशी पर्यटकको सङ्ख्यामा कमी आएको छ । सन् २०२५ को मार्चमा एक लाख २१ हजार ६८७ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । सन् २०२६ को मार्चमा भने एक लाख २० हजार ५१६ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । सन् २०२५ को जनवरीमा ७९ हजार ९९१ र फेब्रुअरीमा ९६ हजार ८८० पर्यटक नेपाल भित्रिएकामा यस वर्षको जनवरीमा ९२ हजार ५७३ र फेब्रुरीमा एक लाख पाँच हजार ४४१ पर्यटक नेपाल भित्रिएका थिए । भूकम्प, नाकाबन्दी र कोरोना महामारीबाट थलिएको नेपालको पर्यटन क्षेत्र पश्चिम एशियाको द्वन्द्वको मारमा परेको हो।

नेपालदेखि हङ्कङ हप्ताको सातैदिन उडान भर्दै आएको क्याथे प्यासिफिक एयरलाइन्स नेपालकी प्रमुख जुनु मलेखु इन्धनको मूल्य बढेसँगै हवाई टिकट बढ्दा यात्रुलाई ठूलो समस्या परेको बताउँछन् । 'पश्चिम एशियाको द्वन्द्व सुरु हुनुपूर्व नेपालदेखि हङ्कङ हुँदै नेपाल आएको ८० देखि ८५ हजार भाडा लाग्ने गरेकामा द्वन्द्वपछि इन्धनको मूल्य बढ्दा भाडा सस्तो टिकटको रु एक लाख पाँच हजार पुगेको छ, यसले गर्दा ट्राभल गर्नुपर्ने व्यक्तिबाहेक अन्यले टिकट 'क्यान्सिल' गरेको अवस्था छ,' उन भन्छन्।

नेपाल पर्यटन बोर्डका सञ्चालक समिति सदस्य कुमारमणि थपलिया हवाई इन्धनको मूल्य बढ्दा यसको प्रत्यक्ष असर नेपालको पर्यटन क्षेत्रमा परेको बताउँछन् । पछिल्लो समय पश्चिम एशियाको द्वन्द्व केही शान्त भए पनि हवाई भाडा बढ्दा नेपाल भित्रिने पर्यटकमा कमी आएको उनको भनाइ छ।

हवाई इन्धन र हवाई भाडा बढ्दा यसको असर लामो समयसम्म पर्छ कि भन्ने चिन्ता थपिएको सदस्य थपलिया बताउँछन् । कतिपय एयरलाइन्सले उडान मार्ग परिवर्तन गर्नुका साथै टिकट दर बढाएका कारण यात्रु अन्य गन्तव्य रोज्न बाध्य भएका छन् । युरोप, अमेरिकालगायत मुलुकमा नेपालको सिधा हवाई सम्पर्क नहुँदा नेपाल आउने पर्यटकमा अन्यौलता थपिएको छ । जसका कारण होटल बुकिङ, ट्रेकिङ प्याकेज तथा साहसिक पर्यटन गतिविधिमा प्रत्यक्ष असर परेको छ।

ठमेलमा सञ्चालित चारतारे होटल रमदा इन्कोर काठमाडौँका महाप्रबन्धक महेश फुयाँल पश्चिम एशियाको द्वन्द्वका कारण पर्यटक यामको मुखमा धमाधम होटल बुकिङ 'क्यान्सिल' हुँदा होटल व्यवसायी मारमा परेको बताउँछन् । 'एकातर्फ इन्धनको मूल्यवृद्धिका कारण हवाई भाडा महङ्गो अर्कोतर्फ ट्रान्जिट क्षेत्रमा भएको तनावका कारण जुन 'रेसियो'मा पर्यटक आउनुपर्ने हो, त्यो आउन सकेका छैनन्,' उनी भन्छन्। पश्चिम एशियाको द्वन्द्वका कारण नेपालमा इन्धनलगायतका सामाग्रीको मूल्य बढ्दा होटल सञ्चालनमा थप समस्या परेको उन बताउनुुहुन्छ । मध्यपूर्व क्षेत्रमा तनाव दीर्घकालीन रूपमा रहिरह्यो भने नेपालको पर्यटन पुनरुत्थानमा थप चुनौती थपिन सक्ने उनको भनाइ छ।

नेपालको मुख्य पर्यटकीय सिजनका रुपमा मार्च, अप्रिल र मे महिनालाई लिईन्छ । अहिले पर्यटकीय सिजन सुरु भएको छ । पर्यटकीय सिजनको समयमा नेपालको प्रमुख पर्यटकीय गन्तव्य ठमेलमा भने गत वर्षको तुलनामा यसवर्ष कम मात्रामा पर्यटक आएका छन् । ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष सहदेव (विमल) धमला गतवर्षको तुलनामा यसवर्ष ठमेल आउने पर्यटकको सङ्ख्यामा कमी आएको बताउँछन् । ठमेलमा काठमाडौँ इको होटलसमेत सञ्चालन गरिरहनुभएका धमला पर्यटकीय सिजनमा होटलमा जम्मा ५० देखि ६० प्रतिशतमात्र 'अकुपेन्सी' रहेको बताउनुहन्छ । ठमेलका गल्लीहरुमा समेत गत वर्षभन्दा यस वर्ष कम मात्रामा पर्यटक देखिएका छन्।

# मध्यपूर्व तनाव चर्किंदा तेलदेखि कूटनीतिसम्म असर

अच्युत रेग्मी/रासस

मध्यपूर्वमा जारी युद्धले विश्व अर्थतन्त्र, कूटनीति र सुरक्षा अवस्थामाथि एकसाथ गहिरो प्रभाव पारिरहेको छ । तेलको मूल्य चार वर्षयताकै उच्च विन्दुमा पुगेको छ भने अमेरिका, युरोप र रुसबीचको सम्बन्ध पनि थप जटिल बन्दै गएको छ । यसबीच सैन्य गतिविधि, कूटनीतिक वार्ता र आर्थिक असरहरू समानान्तर रूपमा तीव्र भएका छन्।

ऊर्जा बजारमा सबैभन्दा स्पष्ट प्रभाव देखिएको छ । यो डेलिभरीका लागि ब्रेन्ट कच्चा तेलको मूल्य सात प्रतिशतभन्दा बढी बढेर १२६.४१ डलर पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेट पनि ३.४ प्रतिशतले बढ्दै ११०.३१ डलरमा पुगेको छ । इरानमाथि अमेरिकी नाकाबन्दी कडा बनाइँदै जाँदा आपूर्ति असन्तुलनको डरले बजार उकालो लागेको हो।

सैन्य पक्षमा, अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले नाकाबन्दी उल्लङ्घन गर्ने प्रयास गरेका ४२औँ व्यावसायिक जहाजलाई समेत सफलतापूर्वक फर्काइएको जनाएको छ । यससँगै करिब छ अर्ब डलर मूल्य बराबरको छ करोड ९० लाख ब्यारेल तेल बोकेका ४१ ट्याङ्करहरू बजारमा प्रवेश गर्न नपाएको दाबी गरिएको छ।

यसैबीच, अमेरिका र जर्मनीबीचको सम्बन्धमा तनाव देखिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जर्मनीले इरानविरुद्धको युद्धमा साथ नदिएपछि त्यहाँ तैनाथ ३५ हजारदेखि ५० हजार अमेरिकी सैनिक घटाउने विचार गरिरहेको बताउनुभएको छ । जर्मन चान्सलर फ्रेडरिक मर्जले कूटनीतिक समाधानमा जोड दिँदै युद्धमा सहभागी हुन अस्वीकार गरेपछि यो विवाद चर्किएको हो।

अर्कोतर्फ, रुसले युद्ध विस्तारप्रति गम्भीर चेतावनी दिएको छ । राष्ट्रपति भ्लादिमिर पुटिनले ट्रम्पसँगको टेलिफोन वार्तामा इरानमाथि पुनः सैन्य आक्रमण नगर्न आग्रह गरेका छन् । उनले युद्धविराम विस्तारको निर्णयलाई सकारात्मक भने पनि सैन्य कारबाही पुनः सुरु भए 'गम्भीर र हानिकारक परिणाम' आउने चेतावनी दिए । ट्रम्पले वार्तालाई सकारात्मक बताउँदै इरानसँगको द्वन्द्व अन्त्य गर्न रुसको सहयोग आवश्यक रहेको उल्लेख गरे।

युद्धको आर्थिक लागत पनि बढ्दै गएको छ । अमेरिकी रक्षामन्त्री पीट हेग्सेथका अनुसार करिब ६० दिनको द्वन्द्वमा हालसम्म २५ अर्ब डलरभन्दा कम खर्च भएको अनुमान गरिएको छ । यद्यपि, उच्च मात्रामा हतियार प्रयोग भएको विषयमा उठेका चिन्ताहरूलाई उनले अस्वीकार गर्दै आलोचकहरूलाई शत्रुपक्षलाई फाइदा पु¥याउने आरोप लगाए।

रणनीतिक रूपमा अमेरिका लामो समयसम्म इरानमाथि दबाब कायम राख्ने तयारीमा देखिएको छ । रिपोर्टहरूका अनुसार ट्रम्प प्रशासनले तेहरानलाई आणविक कार्यक्रम त्याग्न बाध्य पार्न बन्दरगाहहरूमा दीर्घकालीन नाकाबन्दीको योजना बनाइरहेको छ । साथै, इरानलाई लामो समयसम्म युरेनियम संवर्धन रोक्न र कडा प्रतिबन्ध स्वीकार गर्न दबाब दिने रणनीति अपनाइएको छ।

ट्रम्पले आफ्नो सामाजिक सञ्जालमार्फत पनि कडा सन्देश दिएका छन् । उनले इरानले आणविक सम्झौतामा सहमत हुन नसकेको भन्दै चाँडै निर्णय लिनुपर्ने चेतावनी दिए।

युद्धको असर अन्य क्षेत्रहरूमा पनि देखिएको छ । क्यानाडामा आयोजित फिफा काङ्ग्रेसमा सहभागी हुन गएका इरानी फुटबल अधिकारीहरूले टोरन्टो विमानस्थलमा भएको व्यवहारप्रति असन्तुष्टि जनाउँदै कार्यक्रमअघि नै देश छोडेका छन्। ऊर्जा कम्पनीहरूले भने बढ्दो मूल्यबाट लाभ लिएका छन् । फ्रान्सेली कम्पनी टोटल एनर्जीले पहिलो त्रैमासिकमा ५१ प्रतिशतले नाफा बढ्दै पाँच अर्ब ८० करोड डलर पुगेको जनाएको छ । ब्राजिल र लिबियामा उत्पादन वृद्धि तथा उच्च मूल्यबाट कम्पनीले फाइदा उठाएको उल्लेख गरिएको छ । साथै, साउदी अरेबियामा हवाई आक्रमणपछि बन्द गरिएको सातोर्प रिफाइनरी पुनः सञ्चालनमा आएको छ र दैनिक दुई लाख ३० हजार ब्यारेल क्षमतामा उत्पादन भइरहेको छ।

क्षेत्रीय सुरक्षा अवस्था भने अझै अस्थिर छ । लेबनानमा इजरायली आक्रमण जारी रहँदा पछिल्ला दुई दिनमा २० जनाभन्दा बढीको मृत्यु भएको छ । राष्ट्रपति जोसेफ आउनले स्थायी वार्ताअघि युद्धविराम पूर्ण रूपमा कार्यान्वयन गर्न आग्रह गरेका छन् । इजरायलले भने इरान समर्थित हिजबुल्लाह समूहविरुद्ध दक्षिण लेबनानमा सैन्य कारबाही जारी राखेको छ । एएफपी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# मधेशको खानेपानी सङ्कट समाधानमा संसदीय समितिको जोड



**काठमाडौँ ।**
राष्ट्रियसभा अन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिले मधेश प्रदेशमा देखिएको खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी समस्या तत्काल समाधान गर्न सरकारसँग आग्रह गरेको छ ।
समितिले बिहीबार गरेको अध्ययन प्रतिवेदनमाथिको छलफलमा समिति सभापतिका कृष्णप्रसाद पौडेलले मधेशमा बढ्दो खानेपानी अभाव, कमजोर सरसफाइ अवस्था र समन्वय अभावप्रति गम्भीर चिन्ता व्यक्त गरे ।
समिति सदस्य कमला पन्थले समयमै समस्या समाधानतर्फ ध्यान नदिँदा अवस्था झन् जटिल बन्दै गएको बताइन् । 'डिप बोरिङ सुक्खाका कारण प्रभावकारी हुन सकेका छैनन्, अधुरा आयोजना तत्काल पूरा गर्नुपर्छ,' उनले भनिन्, 'मधेशका बासिन्दाले स्वच्छ खानेपानी कहिले पाउँछन् भन्ने प्रश्न गम्भीर बनेको छ ।'
समितिका अर्का सदस्य रेखाकुमारी झाले स्थलगत वास्तविकता बुझेर योजना बनाइनुपर्नेमा जोड दिँदै हाल सञ्चालनमा रहेका आयोजना प्रभावकारी नभएको बताइन् ।
समिति सदस्य सम्झना देवकोटाले कानुनी जटिलता हटाउन र सङ्घ, प्रदेश तथा स्थानीय तहबीच समन्वय अभिवृद्धि गर्न आवश्यक रहेको उल्लेख गरिन् । उनका अनुसार जनतालाई सरसफाइप्रति जागरूक बनाउने कार्यक्रम पनि सँगसँगै सञ्चालन हुनुपर्छ ।
सदस्य भुवनबहादुर सुनारले मधेशमा खानेपानी समस्या तत्काल समाधान गर्नुपर्ने बताउँदै गुणस्तरीय पानीसँगै सरसफाइका गतिविधिलाई प्राथमिकतामा राख्नुपर्ने धारणा राखे । 'भूमिगत पानी पिउनयोग्य छ कि छैन भन्ने वैज्ञानिक अध्ययन गरी मात्रै उपयोग गर्नुपर्छ,' उनले भने ।
सावित्री मल्लले खुला दिसामुक्त क्षेत्र सुनिश्चित गर्न अझ प्रभावकारी कार्यक्रम आवश्यक रहेको बताइन् । आगामी आर्थिक वर्षको बजेटले मधेशको समस्या सम्बोधन गर्नुपर्ने उनको भनाइ थियो ।
सदस्य महन्थ ठाकुरले चुरे क्षेत्रको विनाशले मधेशमा पानी सङ्कट झन् गहिरिँदै गएको उल्लेख गर्दै नीतिगत तहमा बन्ने प्रतिवेदन कार्यान्वयन नहुँदा समस्या बढिरहेको बताए ।
सदस्य घनश्याम रिजालले गत वर्षको खडेरीले मधेशमा ठूलो सङ्कट ल्याएको स्मरण गराउँदै नीति तथा कार्यक्रम कार्यान्वयनमा कमजोरी रहेको टिप्पणी गरे । 'हिउँदमा खडेरी बिर्सने र बर्खामा मात्रै सम्झने प्रवृत्तिले समस्या समाधान हुँदैन,' उनले भने ।
अर्का सदस्य तुलप्रसाद विश्वकर्माले मधेश प्रदेशमा खानेपानीको अवस्था अत्यन्तै दयनीय रहेको उल्लेख गर्दै आठ जिल्लामा समस्या गम्भीर रहेको र अन्य जिल्लामा पनि विस्तार हुँदै गएको जानकारी दिए ।
समितिले प्रतिवेदनका निष्कर्ष कार्यान्वयनमा लैजान तथा प्रभावकारी समन्वय, बजेट विनियोजन र दीर्घकालीन योजना आवश्यक रहेको निष्कर्ष निकालेको छ ।रासस

# सेवा प्रवाहमा देखिएका अवरोध हटाउन अध्यादेश



**काठमाडौँ ।**
प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहले कानूनी जटिलताका कारण जनसरोकारका काम नरोकिउन् र जनतालाई प्रदान गर्ने सेवाको प्रवाह चुस्त होस् भन्ने लोकतान्त्रिक मान्यतालाई आत्मसात् गरेर सरकारले अध्यादेश ल्याएको स्पष्ट पारेका छन् ।
उनले सरकारले सार्वजनिक सेवा प्रवाह र प्रशासनिक प्रणालीमा रहेका नीतिगत जटिलता हटाउनका लागि आवश्यकपर्ने महत्वपूर्ण कदम चाल्नका लागि अध्यादेश सिफारिस गरेको बताएका हुन् ।
सल्लाहकार शाहले सामाजिक सञ्जालमार्फत सरकारले सार्वजनिक सेवा प्रवाह र प्रशासनिक प्रणालीमा रहेका नीतिगत जटिलता हटाउन महत्वपूर्ण कदम चालेको बताएका छन् ।
सोही प्रयोजनका लागि यही वैशाख १४ गतेको मन्त्रिपरिषद् बैठकले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष अध्यादेश प्रमाणीकरणका लागि सिफारिस गरेको जानकारी दिए ।
उनले भनेका छन्, 'वर्तमान सरकार गठन भएलगत्तै सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापतिले नयाँ जनादेशको मर्मअनुसार शासकीय सुधारका लागि राजनीतिक नियुक्ति पाएका पदाधिकारीहरूलाई मार्गप्रशस्त गर्न आह्वान गर्नुभएको थियो ।
आग्रहका बाबजुद कार्यसम्पादन र समन्वयमा देखिएका व्यावहारिक कठिनाइलाई सम्बोधन गर्न सरकारले यो कानूनी बाटो रोजेको हो । यसले कार्यसम्पादनमा देखिएका अवरोध 'डेड्लक' अन्त्य गरी नतिजामुखी शासन पद्धति स्थापित गर्न सहज हुनेछ ।'
उनले सार्वजनिक सरोकारका निर्णय निश्चित समयभित्रै सम्पादन गरी जनतालाई सुशासनको प्रत्याभूति गराउन सो अध्यादेश ल्याइएको पनि प्रष्ट पारेका छन् । पुराना र जटिल कानूनी प्रावधानका कारण जनहितका कार्यमा हुने विलम्बलाई यसले अन्त्य गर्ने जानकारी दिँदै विगतमा दशकौँसम्म अल्झिएका प्रक्रियागत समस्यालाई पहिचान गरी तिनको दिगो र वैज्ञानिक समाधान निकाल्ने सरकारको लक्ष्य रहेको पनि उनले बताएका छन् ।
उनले लेखेका छन्, 'यी अध्यादेश कुनै व्यक्ति वा समूहको स्वार्थका लागि नभई विशुद्ध रूपमा नागरिकको हित र राज्य संयन्त्रको प्रभावकारिताका लागि ल्याइएको छ । कानूनी जटिलताका कारण जनसरोकारका काम रोकिनु हुँदैन भन्ने लोकतान्त्रिक मान्यतालाई आत्मसात् गर्दै यसले देशको समृद्धिको यात्रालाई थप गति दिने बलियो आधार खडा गरेको छ ।'

# 'बुद्धका सन्देश नै दिगो शान्ति र समृद्धिका आधार'




**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले बुद्धका अहिंसा, मैत्री, करुणा र प्रज्ञाका सन्देशलाई व्यवहारमा रूपान्तरण गर्न सकेमा मात्र दिगो शान्ति तथा समृद्धिको आधार निर्माण हुने बताएका छन् ।
ललितपुरको नागवहालमा अवस्थित हीरण्यवर्ण महाविहार तारेमाम् सङ्घको हीरक महोत्सवलाई बिहीबार सम्बोधन गर्दै राष्ट्रपति पौडेलले शान्ति, सह–अस्तित्व, मध्यम मार्ग र करुणामा आधारित बुद्ध दर्शनले विश्व समुदायलाई स्थायित्व, सहकार्य तथा आपसी विश्वासको मार्गतर्फ अग्रसर गराउन महत्वपूर्ण योगदान खेल्ने बताए ।
राष्ट्रपति पौडेलले भने, 'बिहीबारको विश्व अनेकन समस्याहरू द्वन्द्व, स्वार्थपरायणता, आदर्शस्खलन, नैतिकताको क्षयीकरण, असहिष्णुता र मानवीय मूल्यहरूको ह्रासबाट प्रताडित भइरहेको अवस्थामा बुद्धका उपदेशहरू अझ सान्दर्भिक बन्दै गएका छन् ।'
राष्ट्रपति पौडेलले बुद्धका उपदेशले मानव जातिलाई सुख, शान्ति र आनन्द दिलाउने भएकाले ज्ञानको संसारभर प्रचारप्रसार भइरहेको उल्लेख गर्दै शान्तिका प्रतीकका रूपमा सम्मान गरिने महामानव गौतम बुद्धको जन्मभूमि नेपाल हुनु सबै नेपालीका लागि गौरवको विषय भएको बताए ।
शान्तिका दूत बुद्धका प्रेरणादायी उपदेश र मार्गदर्शनको परिपालनबाट धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबीच सहिष्णुता र आपसी सद्भाव कायम गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ एवं सबल बनाउनेतर्फ ध्यान दिनुपर्ने राष्ट्रपति पौडेलले बताए । उनले नेपालमा जन्मिएका बोधिसत्व सिद्धार्थ गौतमबुद्धले प्रतिपादन गर्नुभएको बुद्ध धर्म तथा बौद्ध दर्शन विश्वव्यापी रुपमा फैलिएको उल्लेख गर्दै बुद्धले देखाउनुभएको चतुआर्य सत्य, प्रतीत्यसमुत्पाद र आर्यअष्टांगीक मार्गले विश्वका सबै प्राणीको दुःखबाट मुक्तिको बाटो देखाएको बताए ।रासस

# दुईदिने बिदालाई कार्यान्वयन गराउन शिक्षक महासङ्घ दृढ

**काठमाडौँ ।**
नेपाल शिक्षक महासङ्घले शिक्षण संस्थामासमेत हप्तामा दुई दिन (शनिबार र आइतबार) बिदा दिने नेपाल सरकारको निर्णयको समर्थन गर्दै कार्यान्वयनका लागि सम्बन्धित सबै पक्षसँग आग्रह गरेको छ ।
मन्त्रिपरिषद् बैठकले पेट्रोलियम पदार्थको आपूर्तिमा असहजताका कारण गत चैत २३ गतेदेखि निजामतीलगायत सबै निकाय र शिक्षण संस्थामा शनिबार र आइतबार बिदा दिइ सरकारी कार्यालय समय बिहान ९ः०० बजेदेखि साँझ ५:०० बजेसम्म कायम गरेको थियो ।
महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी र महासचिव तुलाबहादुर थापाले बिहीबार संयुक्त प्रेस विज्ञप्ति जारी गरेर दुई दिने बिदाको समर्थन गरेका हुन् । नयाँ बिदाको प्रबन्धअनुसार पाठ्यक्रम पाठनपाठन मिलाउन शिक्षक र विद्यालय कर्मचारीले आग्रह गर्दै आएका छन् । महासङ्घको विज्ञप्तिमा विगतमा आफूहरूसँग भएका सहमतिबमोजिम स्थायी, सबै प्रकारका अस्थायी राहत, करार, साविक उमावि, शिक्षण सिकाइ अनुदान, बालविकास, विशेष शिक्षालगायतका शिक्षक तथा विद्यालय कर्मचारीका सबै समस्या समाधान हुनेगरी विद्यालय शिक्षा ऐन छिटो ल्याउन माग गरिएको छ । महासङ्घले सोलुखुम्बु, सिरहालगायत जिल्लामा शिक्षक दरबन्दी कटौती गर्दै सेवा हटाउने, विभिन्न बहानामा अनुपयुक्त सरुवा गर्नेजस्ता कार्य भएकामा चिन्ता व्यक्त गरेको छ ।

# उपसभामुख ठाकुरको स्वास्थ्यमा सुधार



**काठमाडौँ ।**
उपसभामुख रुविकुमारी ठाकुर स्वास्थ्यमा सुधार भएपछि अस्पतालबाट घर फर्केकी छिन् । स्वास्थ्यमा सुधार आएपछि किस्ट अस्पतालमा उपचाररत उपसभामुख ठाकुर बिहीबार घर फर्किएकी उनकी स्वकीय सचिव तारा राईले जानकारी दिइन् । मधुमेहको समस्या देखिपछि उपसभामुख ठाकुर बुधबार अस्पताल भर्ना भएकी थिइन् । चिकित्सकले उनलाई घरमै आराम गर्न सल्लाह दिएका छन् ।

# जेन्जी शहीदको स्मृतिमा 'योग भवन र उद्यान' निर्माण

**नेपालगञ्ज ।**
जेन्जी प्रदर्शनका क्रममा गत भदौमा सहादत प्राप्त गरेका बाँकेका दुई जना युवाको स्मृतिमा नेपालगञ्जमा अर्धकदको सालिकसहित पार्क निर्माण गरिएको छ ।
नेपालगञ्ज उपमहानगरपालिका–१ का आयुष थापा र सुलभराज श्रेष्ठको स्मृतिमा वडा कार्यालयले योग भवन तथा खुला व्यायामशाला निर्माण गरेको हो ।
लुम्बिनी प्रदेश सरकार, नेपालगन्ज उपमहानगरपालिका र वडा कार्यालयको सहयोगमा करिब ५० लाख रुपैयाँको लागतमा योग भवन निर्माण गरिएको छ ।
साथै १० लाख रुपैयाँको लागतमा खुला व्यायामशाला निर्माण गरिएको वडाध्यक्ष प्रमोद रिजालले जानकारी दिए ।
उनले देशको परिवर्तनका लागि सहादत प्राप्त गर्ने वडाका होनहार युवाको स्मृतिमा अर्धकदको सालिकसहित स्मृति भवन निर्माण गरेको बताए ।
पहिलो चरणमा सिमेन्टको अर्धकदको सालिक निर्माण गरिएको जनाउँदै वडाध्यक्ष रिजालले आगामी आर्थिक वर्षमा बजेट व्यवस्थापन गरी ढलोटको सालिक बनाउने योजना रहेको उल्लेख गरे ।
नेपालगञ्जका स्थायी बासिन्दा श्रेष्ठ र थापाको गत भदौ २३ गते राजधानीमा भएको जेन्जी प्रदर्शनका क्रममा सुरक्षाकर्मीको गोली लागेर निधन भएको थियो ।
वडा कार्यालयले यसअघि दुवै शहीदको स्मृतिमा 'शहीद मार्ग' नामाकरण गरिसकेको छ । शहीद स्मृतिमा अर्धकदको सालिकसहितको भवन उद्घाटनपछि खुला ब्याडमिन्टन प्रतियोगितासमेत सञ्चालन हुने वडाध्यक्ष रिजालले जानकारी दिए ।रासस

# दक्षिण कोरियामा नेपाली चिया प्रवर्द्धन कार्यक्रम

**काठमाडौँ ।**
दक्षिण कोरियाको राजधानी सिओलस्थित नेपाली दूतावासले बुधबार नेपाली चियाको प्रवद्र्धन गर्ने उद्देश्यले 'नेपाली टी टेस्टिङ कार्यक्रम' आयोजना गरेको छ ।
त्यस अवसरमा दक्षिण कोरियाका लागि नेपाली राजदूत शिवमाया तुम्बाहाम्फेले नेपाली चियाको विविधता र गुणस्तरलाई कोरियाली बजारमा परिचित गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताइन् ।
सिओलस्थित दूतावासका अनुसार उनले कार्यक्रमका माध्यमबाट दुवै देशका चिया उद्यमीबीच अर्थपूर्ण संवादलाई प्रोत्साहन भएको बताउँदै चिया संस्कृति, परम्परा र सम्बन्धको प्रतीक भएको उल्लेख गरिन् । हिमालका काखमा उत्पादित नेपाली चियाको विशिष्ट गुणस्तर रहेको र कोरियाली बजारमा यसको उच्च सम्भावना रहेको राजदूत तुम्बाहाम्फेले बताइन् ।




कार्यक्रममा ३० भन्दा बढी कोरियाली चिया आयातकर्ता तथा छ जना नेपाली चिया उद्यमी सहभागी भएका थिए । कार्यक्रम राष्ट्रिय चिया दिवसको सन्दर्भमा आयोजना गरिएको हो । रासस

# समर्थन मूल्यभन्दा बढीमा गहुँ बेच्न पाउँदा किसान खुसी

**कैलाली ।**
कैलालीका किसान सरकारले तोकेको समर्थन मूल्यभन्दा बढीमा गहुँ बिक्री गर्न पाउँदा खुसी भएका छन् ।
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय धनगढीले बुधबारदेखि कैलालीको टीकापुरमा गहुँ खरिद सुरु गरेको छ । कम्पनीले बुधबारदेखि कैलालीको टीकापुरबाट किसान तथा कृषिसम्बन्धी सहकारीबाट गहुँ खरिद सुरु गरेको हो । यसअघि मङ्गलबारदेखि धनगढीको मोहनपुरबाट पनि गहुँ खरिद सुरु गरिएको थियो ।
सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यभन्दा बढी मूल्यमा गहुँ खरिद सुरु गरिएको प्रादेशिक कार्यालय धनगढीका वरिष्ठ सहायक पुष्पराज बजगाईंले जानकारी दिए ।
'सरकारले निर्धारण गरेको गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल तीन हजार ९ सय ४५ रुपैयाँ रहेको छ । खाद्यकम्पनीले किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रति क्विन्टल चार हजार २ सय ५० रुपैयाँमा गहुँ खरिद गर्न लागेको छ,' उनले भने, 'बढी मूल्य पाएपछि किसान खुसी भएका छन् ।'
यसरी समर्थन मूल्यभन्दा बढी रुपैयाँमा गहुँ बेच्न पाएकामा किसान खुसी भएका छन् । गहुँ बेच्न खाद्य गोदाम टीकापुर पुगेका योगेन्द्र साउँदले अन्य ठाउँकोभन्दा खाद्यमा गहुँ बेच्दा मूल्य बढी पाएको बताए ।



'केही किसानले सस्तोमा यसअघि नै गहुँ बेचिसकेका छन्,' उनले भने, 'हामीले भने राम्रो मूल्य पायौँ ।'
जोशीपुर गाउँपालिका–६ महादेवाका क्रिमलाल डङ्गौरा पनि खाद्यमा गहुँ बेच्न पाउँदा खुसी छन् । 'तोकेकोभन्दा बढी मूल्य पाइयो,' उनी भन्छन्, 'सरकारले समयमै मूल्य तोक्ने र खरिद कार्य पनि समयमै गर्नुपर्छ ।'
गाउँका केही किसानले गहुँ बिक्री गरिसकेकाले आउँदा दिनमा समयमै खरिद कार्य सुरु गर्न सुझाव दिन्छन् । अर्का किसान रमेश चौधरी खेतको उत्पादनले नै बालबालिकालाई कापीकिताब जोहो गर्नुपर्ने भएकाले खेतबाटै गहुँ बिक्री गरिसकेको बताउँछन् । यहाँका किसान खेतबारीको उत्पादन बेचेर घरखर्च, बर्खे खेतीका लागि बीउ र मल जोहो गर्दछन् । सरकारले आउँदा दिनमा हरेक कार्य किसानलाई राहत हुनेगरी गर्नुपर्ने उनको भनाइ छ ।
खाद्य कम्पनीको कैलालीबाट १० हजार क्विन्टल गहुँ खरिद गर्ने लक्ष्य छ । प्रतिकिसानबाट बढीमा ७० क्विन्टल र कृषिसम्बन्धी सहकारीबाट प्रतिसहकारी बढीमा ५ सय क्विन्टलसम्म गहुँ खरिद गर्ने योजना खाद्य कम्पनीको छ । यसका साथै यस क्षेत्रका बिज वृद्धिको काम गर्ने सहकारीले समर्थन मूल्यभन्दा बढीमा किसानको गहुँ खरिद गर्ने गरेका छन् । तोकेकोभन्दा बढी मूल्य पाउँदा किसानलाई कृषिकर्म गर्न हौसला मिलेको छ । रासस

# छ महिनामा दुई हजार छ सय पर्यटकले गरे शुक्लाफाँटा भ्रमण

**कञ्चनपुर ।**
कञ्चनपुरस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा चालु आर्थिक वर्षको छ महिनामा दुई हजार ६ सय ३४ जना पर्यटकले भ्रमण गरेका छन् । यसरी भ्रमण गर्नेमा एक हजार ६ सय २९ जना पुरुष र एक हजार पाँच जना महिला रहेका निकुञ्ज कार्यालयले जनाएको छ । यस्तै, निकुञ्ज भ्रमण गर्नेमा आन्तरिक पर्यटकको संख्या दुई हजार २ सय ७८ रहेको छ । त्यसबाहेक सार्क मुलुकका ४९ महिला र एक सय ९५ पुरुष गरी दुई ४४ जना, त्यसबाहिरका ४९ महिला र ६३ पुरुष गरी एक सय १२ जना पर्यटकले यहाँ भ्रमण गरेको निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेले जानकारी दिए ।
यस अवधिमा सबैभन्दा बढी गत चैतमा छ सय २१ जना पर्यटकले निकुञ्ज भ्रमण गरेका छन् । कात्तिकमा पाँच सय ८०, मङ्सिरमा दुई सय ९३, पुसमा तीन सय ७६, माघमा तीन सय ६९ र फागुनमा तीन सय ८६ जना पर्यटकले निकुञ्ज भ्रमण गरेका छन् । पर्यटनबाट १४ लाख ६७ हजार ४ सय ८६ राजस्व सङ्कलन गरिएको सूचना अधिकारी वाग्लेले बताए ।
जैविक विविधता, दुर्लभ वन्यजन्तु र शान्त वातावरणले भरिपूर्ण यो निकुञ्ज पर्यटकहरूको रोजाइमा पर्न थालेको छ । कोभिड महामारीपछि यहाँ आउने विदेशी पर्यटकको संख्यामा केही कमी आए पनि पछिल्ला वर्षहरूमा त्यो संख्या बढ्दै गएको छ । 'नेपालकै सबैभन्दा ठूलो घाँसे मैदान रहेको यस निकुञ्जमा पाटेबाघ, मृग र दुर्लभ वन्यजन्तुदेखि विभिन्न वनस्पति पाइन्छ । प्राकृतिक सौन्दर्य र जैविक विविधता भएको क्षेत्रबारे अध्ययन–अनुसन्धानसँगै अवलोकनका लागि स्वदेशी तथा विदेशी पर्यटकहरू यहाँ पुग्ने गरेका छन्,' वाग्लेले भने ।
निकुञ्जको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०–८१ मा तीन हजार ७ सय ६२ जनाले यहाँ भ्रमण गरेका छन्, जसमा एक सय ३२ विदेशी र एक सय १२ सार्क मुलुकका पर्यटक रहेका छन् । आर्थिक वर्ष २०८१–८२ मा तीन हजार ३२२ जनाले निकुञ्ज भ्रमण गरेकामा त्यसमा एक सय ९९ जना सार्क मुलुकका र एक सय ५२ त्यसबाहेकका मुलुकका विदेशी पर्यटक रहेका छन् ।
कञ्चनपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दिनेश मल्लले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा रहेको ठूलो घाँसे मैदान र थोरै क्षेत्रफलमा धेरै दुर्लभ वन्यजन्तुको अवलोकन गर्न सकिने भएकाले पर्यटकको रोजाइमा पर्ने गरेको बताए । 'शुक्लाफाँटाको प्रचारप्रसार गरेर यहाँ उल्लेख्य पर्यटक भित्र्याउन सकिन्छ । यहाँको जैविक विविधताबारे व्यापक प्रचारप्रसार हुनसकेको छैन । अब प्रचारप्रसारका लागि सबैले सहयोग गर्नुपर्छ,' उनले भने ।
तीन सय पाँच वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बाह्रसिङ्गेका लागि प्रसिद्ध मानिन्छ । निकुञ्जमा दुई हजार ३ सय २३ बढी बाह्रसिङ्गा छन् । रासस

# परम्परागत सीप र हस्तकला आम्दानीको मुख्य स्रोत

**तनहुँ ।**
हाम्रो समाजमा प्रविधिको विकाससँगै परम्परागत पुख्र्यौली सीप छाडेर वैकल्पिक रोजगारीको खोजीमा युवा भौतारिने गरेका छन् । उनीहरु प्रविधिको विकाससँगै आफूमा भएको सीपको उपयोग छाडेर रोजगारीका निम्ति विदेश जान आतुर हुन्छन् । तर, तनहुँका भुजेल समुदायले परम्परागत पुख्र्यौली सीपलाई आज पनि जीविकोपार्जनको आधार बनाइरहेका छन् ।
भुजेल समुदायका युवादेखि ज्येष्ठ नागरिकले पुख्र्यौली सीपका रुपमा बाँसका हस्तकलालाई आयका रुपमा उपयोग गर्दै आएका छन् । यी समुदायका प्रत्येक व्यक्ति सीपयुक्त छन् । बाँसका हस्तकला निर्माण गरी बिक्री गर्दै आफ्नो आम्दानी गरी जीविका चलाउँदै आएको आँबुखैरेनी गाउँपालिका–२ एक्लेफाँटका सावित्री भुजेल बताउँछिन् ।
'हाम्रो समुदायका बालबालिकादेखि नै पुख्र्यौली सीप सिकेका हुन्छौँ । सिक्नुपर्छ भनेर बालबालिका तथा युवालाई प्रोत्साहन गर्दै पनि आएका छौँ,' उनी भन्छिन्, 'पुस्ता हस्तान्तरण गर्न थालेका छौँ ।' हाम्रो समुदायका पुरुष वैदेशिक रोजगारी तथा अन्य पेसामा समावेश भए पनि महिला भने पुख्र्यौली सीपबाट आत्मनिर्भर बनेका उनको भनाइ छ ।
महिलाको कमाइले घरपरिवार चलाउन सहज भएको छ, पुरुषको कमाइ केही भए पनि बचत गर्न सकिएको छ । यसबाट सङ्कटका बेला सघाउ पुग्छ । पहिलाको जस्तो माग नभए पनि हालसम्म आम्दानीको मुख्य स्रोत हाम्रो हस्तकला नै भएको सावित्री बताउँछिन् ।
अन्य पेसामा आबद्ध भएका भुजेल समुदायका व्यक्ति पनि हस्तकला निर्माणको सीपमा भने पोख्त हुने गरेका छन् । उनीहरुले निर्माण गरेको नाङ्लो, थुम्से, डोको, कुच्चो, डालो, नाम्लोलगायतका बाँसका सामग्री बिक्री गरेर आम्दानी गर्दै आएका छन् । यसबाट घरपरिवारको आवश्यकता पूरा गर्न सहयोग पुगेको छ ।



आँबुखैरेनी–१ एक्लेफाँटका इन्द्र भुजेल सानैमा सिकेको सीपले अहिलेसम्म आम्दानी गरिरहेको बताउँछन् । 'हामीले बनाएका सामानको पहिला खासै मूल्य हुँदैनथ्यो । अहिले उचित मूल्य पाएका छौँ,' उनी भन्छन्, 'आम्दानीबाट घर चलाउन सजिलो भएको छ ।' सामान बिक्री गर्न पहिला जस्तो दुःख गर्नु नपरेको इन्द्र बताउँछन् ।
'पहिला सामान बोकेर बेच्न पुग्थ्यौँ, अहिले गाडी गाउँमै लिन आइपुग्छ । त्यसैले हस्तकलाका सामान उत्पादन गर्न उत्साहित छौँ ।' सरकारले सीपको संरक्षण तथा प्रवद्र्धनमा सहयोग पु¥याए देशकै आम्दानीमा टेवा पुग्ने उनको भनाइ छ । सकेसम्म मागअनुसारको सामान बनाउने कोशिस गरिहेको इन्द्रले बताए । अधिकांश कच्चा पदार्थ दमौलीबाट ल्याउने गरिएको उनी बताउँछन् ।
उचित नीति, प्रवद्र्धन र बजार व्यवस्थापन भएमा यस पेसाले ग्रामीण अर्थतन्त्रलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ । पछिल्ला वर्षमा बजारको पहुँच विस्तार, पर्यटनको वृद्धिसँगै बाँसबाट बनेका सामग्रीको माग बढ्दा यस पेसाले समुदायको आर्थिक अवस्थामा सकारात्मक परिवर्तन ल्याएको पाइन्छ । जिल्लाका आँबुखैरेनी, बन्दीपुर, देवघाटलगायत भुजेल समुदायका व्यक्तिले निर्माण गरेका सामग्री बिक्रीका लागि जिल्लाका विभिन्न ठाउँ तथा चितवन, काठमाडौँ, पोखरा, नेपालगन्ज, बुटवल, वीरगंजलगायत ठाउँमा लैजाने गरिएको छ । रासस

# सुनखानी विस्फोटमा पाँच जनाको मृत्यु



**काबुल ।**
अफगानिस्तानको उत्तरपूर्वी बदखसन प्रान्तको सुन खानीमा विस्पोटहुँदा कम्तीमा पाँच जना खानी मजदुरको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।
अधिकारीका अनुसार सहरी बुजर्ग जिल्लाको अविज क्षेत्रमा मजदुरहरूले सुन खोजिरहेको समयमा दुर्घटना भएको हो ।
विपद् व्यवस्थापनका लागि प्रान्तीय निर्देशक मावलवी मोहम्मद अकरम अकबरीले मृतकको संख्या पाँच पुगेको पुष्टि गर्दै थप पीडितहरूको खोजी कार्य जारी रहेको बताएका छन् ।
दुर्गम बदखसन जिल्ला खनिज स्रोतहरूमा धनी जिल्ला भएता पनि अनियमित र खतरनाक खानी जन्य उत्खनन्ले समस्याग्रस्त क्षेत्रको रुपमा परिचित रहेको जनाइएको छ । उच्च गरिबीले ग्रस्त अफगानीस्थानको खानी क्षेत्रमा यस्ता दुखद दुर्घटनाहरू पटक–पटक हुने गरेको पाइन्छ भने परम्परागत र अनियमित खानी उत्खनन्को अभ्यासले आधुनिक मेसिनरी र व्यावसायिक सुरक्षा मापदण्डको अभावमा ज्यान गुमाउनेहरुको संख्या बढिरहेको जनाइएको छ । सिन्ह्वा

# नाकाबन्दीले इरान थिचिँदै

**इरान ।**
इरानमाथि जारी अमेरिकी नौसैनिक नाकाबन्दी महिनौँसम्म लम्बिन सक्ने सङ्केतसँगै विश्व तेल बजारमा तीव्र उथलपुथल देखिएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको दबाब रणनीतिलाई अझै कडा बनाउने बताउँदै नाकाबन्दीलाई बम आक्रमणभन्दा प्रभावकारी ठहर गरेका छन्, जसले तेलको मूल्य चार वर्षयताकै उच्च विन्दुमा पुगेको छ ।
इरान र अमेरिकाबीच कूटनीतिक प्रयास ठप्प अवस्थामा पुगेपछि तनाव थप चुलिएको हो । यही क्रममा ट्रम्पले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग टेलिफोन वार्ता गरेका थिए । पुटिनले अमेरिका र इजरायलले फेरि इरानमाथि युद्ध चर्काए 'हानिकारक परिणाम' आउने चेतावनी दिएको बताइएको छ ।
तेल उद्योगसँग सम्बन्धित अधिकारीहरूसँगको भेटमा ट्रम्पले इरानी बन्दरगाहहरूको नाकाबन्दीलाई निर्णायक कदमका रूपमा व्याख्या गरे । तेहरानले कुनै पनि सम्झौताअघि नाकाबन्दी हटाउन माग गरिरहेको छ । तर अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) का अनुसार नाकाबन्दी उल्लङ्घन गर्ने प्रयासमा रहेका ४२औँ व्यापारिक जहाजलाई समेत फर्काउन सफल भएको छ । यसबाट करिब छ अर्ब डलर बराबरको छ करोड ९० लाख ब्यारेल तेल बजारमा आउन नपाएको दाबी गरिएको छ ।
युद्धको प्रभाव अमेरिकी आन्तरिक राजनीतिमा पनि देखिन थालेको छ । यो सङ्घर्ष आम मतदातामाझ लोकप्रिय नभएकाले ट्रम्पमाथि युद्ध अन्त्य गर्न राजनीतिक दबाब बढ्दो छ । साथै, तेलको मूल्य वृद्धि हुँदा अमेरिकी उपभोक्ताको खर्च बढेको छ भने अमेरिकी सहयोगी देशहरू पनि असुरक्षामा परेका छन् ।
ह्वाइट हाउसका एक अधिकारीका अनुसार, ट्रम्प प्रशासनले विश्वव्यापी तेल आपूर्ति सन्तुलनमा राख्ने उपायहरूबारे छलफल गर्दै आवश्यक परे नाकाबन्दी लामो समयसम्म कायम राख्ने तयारी गरेको छ । ट्रम्पले एक अन्तर्वार्तामा इरानमाथि दबाब तीव्र रूपमा बढिरहेको बताउँदै आगामी दिनमा थप कडा कदम चालिने सङ्केत दिएका छन् ।
यसबीच, अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य उकालो लागिरहेको छ । अमेरिकी बेन्चमार्क ब्रेन्ट तेलको मूल्य १२२.५३ डलरसम्म पुगेपछि हाल करिब १२० डलरमा स्थिर भएको छ भने वेस्ट टेक्सास इन्टरमिडियेट करिब १०८ डलर आसपासमा कारोबार भइरहेको छ ।
इरानले आफ्नो रणनीतिक स्थान—हर्मुज जलघाँटी—मार्फत प्रतिकारको सङ्केत दिएको छ । विश्वको करिब पाँचौँ भाग तेल यही मार्गबाट ओसारपसार हुने भएकाले यसको नियन्त्रणले विश्व अर्थतन्त्रमा गम्भीर असर पार्न सक्छ ।
युरोपेली मोर्चामा पनि मतभेद देखिएका छन् । जर्मनीले इरानविरुद्धको युद्धमा प्रत्यक्ष समर्थन गर्न वा शान्ति सेनामा योगदान दिन अस्वीकार गरेपछि ट्रम्पले जर्मनीमा रहेका अमेरिकी सैनिक संख्या घटाउने चेतावनी दिएका छन् । जर्मन नेतृत्वले कूटनीतिक समाधानलाई प्राथमिकता दिनुपर्ने धारणा राख्दै आएको छ ।
अमेरिकी उच्च अधिकारीहरूले इरानसँग संवादको प्रयास गरे पनि त्यहाँको शक्ति संरचनाबारे स्पष्टता नहुँदा वार्ता प्रभावकारी हुनसकेको छैन । इजरायली आक्रमणपछि इरानका शीर्ष नेतृत्व तहमा क्षति पुगेकाले निर्णय प्रक्रियामा अन्योल देखिएको छ ।
युद्धको मानवीय असर पनि गम्भीर बन्दै गएको छ । संयुक्त राष्ट्र विकास कार्यक्रम (युएनडिपी) ले चेतावनी दिँदै युद्ध र त्यसबाट बढेको मलको मूल्यका कारण १ सय ६० देशका तीन करोडभन्दा बढी मानिस गरिबीमा धकेलिन सक्ने जनाएको छ । संस्थाका प्रमुखले यस अवस्थालाई 'उल्टो विकास' को सङ्केत भनेका छन् ।
इरानभित्र आर्थिक सङ्कट गहिरिँदै गएको छ । राष्ट्रिय मुद्रा रियाल डलरको तुलनामा ऐतिहासिक न्यून विन्दुमा झरेको छ । तेहरानका सर्वसाधारणले विगतका वार्ताहरूले जीवनस्तर सुधार्न नसकेको गुनासो गरेका छन् । एक स्थानीय बासिन्दाका अनुसार, हरेक वार्तापछि जनताको आर्थिक अवस्था थप बिग्रिएको अनुभव छ ।
यसैबीच, इरानले अमेरिकी नाकाबन्दी हटाएपछि मात्र हर्मुज जलघाँटीमा आफ्नो नियन्त्रण खुकुलो पार्ने प्रस्ताव गरेको छ । तर वासिङ्टनले उक्त प्रस्तावप्रति अविश्वास प्रकट गरेको छ ।
क्षेत्रीय तनाव अझै कम भएको छैन । इजरायल र इरान समर्थित समूहहरूबीचको द्वन्द्वका कारण लेबनानमा पनि हिंसा जारी छ । युद्धविराम विस्तार भए पनि इजरायली आक्रमणहरू रोकिएका छैनन् । हालैका आक्रमणहरूमा लेबनानी सैनिकहरू घाइते र एक जनाको मृत्यु भएको बताइएको छ ।
लेबनानका राष्ट्रपतिले स्थायी शान्तिका लागि वार्ता नै एकमात्र उपाय भएको उल्लेख गर्दै युद्धविराम पूर्ण रूपमा कार्यान्वयन हुनुपर्ने बताएका छन् । तर निरन्तर हिंसाले मानवीय सङ्कट गहिरिँदै गएको छ, जहाँ १२ लाखभन्दा बढी मानिस भोकमरीको जोखिममा पर्ने आँकलन गरिएको छ । एएफपी

# मनाइयो नृसिंह जयन्ती



**काठमाडौं ।**
वैदिक सनातन हिन्दू धर्मअनुसार आज नृसिंह जयन्ती मनाइएको छ । भक्तको रक्षा गर्न भगवान् विष्णुले वैशाख शुक्ल चतुर्दशीमा नृसिंह अवतार लिएकाले यस दिन नृसिंह जयन्ती मनाउने गरिएको जानकारहरू बताउँछन् । धार्मिक मान्यताअनुसार नृसिंह अवतार भगवान् विष्णुको चौथो अवतार हो । दैत्यराज हिरण्यकश्यपुको वध गरी भक्त प्रह्लादको उद्धार गर्नका निमित्त विष्णु भगवान्ले नृसिंह अवतार धारण गर्नु परेको विभिन्न पुराणमा उल्लेख गरिएको छ ।
हिन्दू धर्म ग्रन्थमा उल्लेख भएअनुसार कष्यप ऋषिकी पत्नी दितिको गर्भबाट दुई बालक हिरण्याक्ष र हिरण्यकश्यपु पैदा भएका थिए । ठूलो भएपछि दुवैले जताततै उपद्रो मच्चाउन थाले । हिरण्याक्षलाई भगवान् विष्णुको तेस्रो अवतार बराह भगवान्ले मारेका थिए । हिरण्यकश्यपुले ब्रह्माजीको घोर तपस्या गर्दा हिरण्यकश्यपुको शरीरबाट आगोको ज्वाला निस्कन्थ्यो । यो देखेर ब्रह्माजीले हिरण्यकश्यपु भएको ठाउँमा गएर इच्छाअनुसार वरदान माग्ने आज्ञा गरे । यो सुनेर हिरण्यकश्यपुले ब्रह्माजीसँग अमर रहने वरदान मागे । ब्रह्माजीले जन्मेपछि मर्नैपर्ने सृष्टिको नियम भएकाले अरू वर माग्ने आज्ञा गरे ।
यो सुनेर हिरण्यकश्यपुले घरको बाहिर घरको भित्र, रातिको अँध्यारो, दिनको घाममा, आकाशमा, पातालमा, जमिनमा, नर (मानिस)बाट, यक्षबाट, गन्धर्वबाट, देवताबाट, कसैको हातबाट र हतियारबाट नमर्ने वरदान मागेको विभिन्न ग्रन्थमा उल्लेख गरिएको पण्डित बालमुकुन्द देवकोटाले जानकारी दिए । उनका अनुसार ब्रह्माजीले हिरण्यकश्यपुको तपस्या घोर भएकाले मागेको वरदान दिए । ब्रह्माजीको वरदान पाएर हिरण्यकश्यपु अमर भए ।

## यस्तो छ किंवदन्ती

धार्मिक ग्रन्थमा उल्लेख भएनुसार हिरण्यकश्यपुले तीनै लोकमा कब्जा जमाए । जगत्लाई आफ्नो बसमा बनाए । पूरा सृष्टिको मालिक म नै हो, मभन्दा ठूलो अरू कोही छैन भन्ने विश्वास सबैमा दिलाउन अनेक प्रयत्न गरे । हिरण्यकशिपुको घरमा भक्त प्रह्लादको जन्म भयो । भक्त प्रह्लाद दैत्य राज हिरण्यकश्यपु जस्ताको छोरा भएर पनि सानैदेखि हरि भक्तिमा रुचि राख्न थाले ।
यो देखेर दैत्यराज हिरण्यकश्यपुले प्रह्लादलाई संसारको अधिपति आफू भएको र आफूभन्दा ठूलो कोही हरि नभएको कुरा सम्झाउन खोज्यो, तर प्रह्लादले उनलाई कुवाको भ्यागुताको संज्ञा दिँदै उल्टो जवाफ दिए । यो सुनेर हिरण्यकश्यपु रिसाएर प्रह्लादलाई आफ्नो छोरो भएकाले मार्न सकिन्न यसलाई राक्षसी शिक्षाको कमी भयो भनेर गुरुकहाँ पढाउन पठाए ।
प्रह्लाद त्यहाँ पनि पढाइ छोडेर हरि भक्तितिरै लागे । गुरुले धेरै सम्झाए, तर प्रह्लादले हरि भक्ति छोडेनन् । झनै त्यहाँ भएका अन्य दैत्य पुत्रलाई हरि भक्तिमा लगाए । यो देखेर गुरुले पनि हार मानी दैत्य राज हिरण्यकश्यपु कहाँ फिर्ता पठाइदिए । हिरण्यकश्यपुले फेरि प्रह्लादलाई सम्झाउने कोसिस गरेका थिए, तर प्रह्लादले हरि भक्तिभन्दा ठूलो केही ज्ञान छैन भनी सुनाए ।
हिरण्यकश्यपु रिसाएर प्रह्लादका हातखुट्टा बाँधेर हात्तीको बाटोमा छोड्न लगाए, तर हात्तीले प्रह्लादलाई देखेर कुल्चन सकेनन् । हिरण्यकश्यपुले प्रह्लादलाई बाँधेर समुद्रमा बगाउन लगाए, प्रह्लादलाई सागरमा बगाइयो तर हरिकृपा, विष्णु भगवान् स्वयम् आएर प्रह्लादलाई बचाए ।
प्रह्लादलाई ज्ञान दिएर भगवान् अन्तध्र्यान हुनुभयो । केही दिनपछि हरि ज्ञान प्राप्त गरेर प्रह्लाद घर फर्किए । प्रह्लादलाई देखेर हिरण्यकश्यपु फेरि सम्झाउन लागे । प्रह्लादले हरिभन्दा ठूलो कोही नभएको र हरि सबै ठाउँमा रहेको कुरा दोहोर्याए । रिसले चुर भएका हिरण्यकश्यपुले 'यदि तेरो हरि सबै ठाउँमा छ भने मेरो सामुन्ने हरिलाई देखा' भने । प्रह्लादले हरिको ध्यान गर्दै विष्णुको आह्वान गरे । केही छिनमै भगवान् विष्णु खम्बाबाट नृसिंह अवतारमा प्रकट भए । यो देखेर हिरण्यकश्यपुले खम्बालाई तरवारले काट्यो । भगवान् नृसिंह पनि रिसाएर हिरण्यकश्यपुलाई मार्न अघि सरे । नृसिंह भगवान्को आधा शरीर सिंहको र आधा शरीर मान्छेको थियो ।
नृसिंह न जनावर थिए न मान्छे । जतिखेर हिरण्यकश्यपुलाई मारियो । त्यो समय सन्ध्या समय थियो । त्यो समयमा न त घाम थियो, न रातको अँध्यारो । तब सबै विधि मिलाएर भगवान् नृसिंहले हिरण्यकश्यपुलाई घरको बीच ढोकामा आफ्नो काखमाथि राखेर नङ्ग्रा धसी मारे । ब्रह्माजीको सबै वाचा मिलाएर मारेपछि गएर नृसिंहको क्रोधले सारा संसार जल्न लाग्यो । नृसिंहको क्रोध शान्त पार्न ब्रह्मा, शिव, लक्ष्मी आदि देवीदेवता आएर प्रार्थना गर्नुभयो, तर क्रोध झन् बढ्दै गयो ।
अन्तमा प्रह्लादले प्रार्थना गर्दा नृसिंहको रिस शान्त भयो । प्रह्लादलाई ज्ञान दिएर नृसिंह अन्तरध्यान भए । प्रह्लादले पनि हरि भक्तिमा ध्यान दिएर राज पाठ सम्हाले । प्रह्लादलाई ज्ञान सिकाउन भगवान् विष्णुले दत्तात्रय अवतार लिएका थिए । दत्तात्रयले पनि प्रह्लादलाई धेरै ज्ञान सिकाए । रासस

# एक्काइस महिना देखाएर समापन गरियो हनुमान नाच

**बागलुङ ।**
नेवारी समुदायमा संरक्षित तीन सय वर्ष पुरानो हनुमान नाच २१ महिनापछि विधिवत् रूपमा समापन गरिएको छ । यहाँको तीन सय वर्षको जीवन्त इतिहास बोकेको हनुमान नाच नौ वर्षपछि विसं २०८१ भदौ ११ गते शुभारम्भ गरिएको थियो ।
नाच १९ पटक देखाएर बागलुङ बजारको हनुमान पौवामा पुगेर मङ्गलबार समापन गरिएको र आगामी तीन वर्षपछि देखाउने योजना बनाएको हनुमान नाच संरक्षण परिषद्का अध्यक्ष तीर्थप्रसाद श्रेष्ठले जानकारी दिए ।
गालामा अनेकथरी रङ्ग पोतिएको, शिरमा श्रीराम लेखिएको रातो पट्टि, शरीरको माथिल्लो भागमा रातो र तल्लो भागमा सेतो पहिरन, पछाडि पुच्छर जोडेर हनुमान जस्तै देखिने १३ जोडी युवा विभिन्न १० तालमा नाच्दै हिँड्ने परम्परा यहाँका नेवार समुदायले करिब तीन सय वर्षदेखि बचाउँदै आएका छन् । नाचको बीचबीचमा हनुमानहरूलाई वीर चढ्ने दृश्यले सबैलाई मोहित बनाउने गरेको छ । उनीहरू अचेत जस्तै बनेर हल्लिन्छन् । नाचमा सहभागी पुजारीले पूजाविधिका कारण हनुमानहरूलाई वीर चढ्ने (लाग्ने) गरेको बताइन्छ ।



यसपटक पनि विगतमा जस्तै दुई–दुई जनाको जोडी बनाएर सङ्गीतको तालमा नाच्न १९ पटकमा ४२ युवाको सहभागिता रहेको थियो । शुभारम्भ, समापन, बागलुङ महोत्सव, बसपार्क उद्घाटन र अतिथि स्वागत, गलकोटमा देखाइएको नाचसँगै १४ वटा टोल पूजा सम्पन्न गरिएका छ । मल्ल राजाको पालामा भक्तपुरबाट सुरु गरेको 'हनुमान नाच' बागलुङका नेवार समुदायले संरक्षण गरेर देखाउँदै आएका छन् । कोरोनालगायत कारण नौ वर्षमा देखाइएको नाच २१ महिनामा १९ पटक देखाएर समापन गरी बागलुङ बजारको हनुमान पौवामा हनुमानको मूर्ति बागलुङ बजार परिक्रमा गरी पुनः प्रतिस्थापन गरिएको छ ।
खर्चिलो नाचका रूपमा रहेको यो नाच व्यवस्थापनमै कठिन भएपछि तीन वर्षमा देखाइने नाच विस्तारै पाँच वर्ष, सात वर्ष र हाल नौ वर्षमा मनाउन थालिएको हनुमान नाचका प्रधानकजी ईश्वरप्रसाद मलेपतीले जानकारी दिए । नाच रामायण कथामा आधारित रहेको छ । भक्तपुरका नेवार समुदाय विसं १७६८ मा व्यापार तथा व्यवसाय गर्नका लागि बागलुङ आएसँगै हनुमान नाच नाच्न थालिएको इतिहास पाइन्छ । बीचमा हराएको नाचले २०१३ सालदेखि निरन्तरता पाउन थालेको मलेपतीले बताए ।
नाच बागलुङ नगरपालिका–३ नारायणचोकको भीमसेन मन्दिरभित्र नास्योध्योलाई पूजा गरेर हनुमान पौवामा गएर हुनमानको पूजा गरेपछि विधिवत् रूपमा हनुमान नाच शुभारम्भ हुने गर्दछ । विसं २०८१ भदौ ११ गते नारायणचोकबाट नौ वर्षपछि सुरु भएको हनुमान नाच किनाराटोल, राधाकृष्ण टोल, धौलागिरि चोक, आवारोड, सृजना टोल, गलकोट हुँदै कालिका मन्दिरसहित शुभारम्भ र समापनसहित १९ स्थानमा देखाइएको छ ।
हनुमान नाच समापन समारोहमा बागलुङ नगरपालिका प्रमुख वसन्तकुमार श्रेष्ठले बागलुङको पहिचानसँग हनुमान नाच जोडिएको बताए । कार्यक्रममा हनुमान नाचमा सहभागी कलाकार, वाद्यवादक, प्रधानकजी तथा कजीलाई सम्मान गरिएको थियो । रासस

# खाद्यान्नमा आत्मनिर्भर बन्न 'एक वडा, एक उत्पादन'

**इलाम ।**
माईजोगमाई गाउँपालिका–५ सोयाङको लोक्साङ गाउँका ३६ परिवारको सामूहिक बचत तथा कृषि समूह छ । समूहले सामूहिक रुपमा बेसारखेती गर्दैआएको छ । दुई वर्षअघि एक मन (४० किलो) बेसार रोपेर गत वर्ष २५ मन बीउ उत्पादन गरिएको थियो । यस वर्ष १ सय २० मन उत्पादन हुने अनुमान गरिएको छ ।
गाउँपालिकाले 'एक वडा एक उत्पादन' कार्यक्रमअन्तर्गत गत वर्ष दुई लाख रुपैयाँ अनुदान दियो । यसपटक हिउँदे अधिवेशनबाट 'ड्राएर' मेसिन र पिस्ने मेसिनका लागि दुई लाख ५० हजार रुपैयाँ अनुदान थप गरेपछि किसान उत्साहित भएका छन् । समूहले आफैँ उद्योग खोल्ने तयारी थालेको छ । काँचो बेसारलाई गाउँमै प्रशोधन गरेर अन्तरराष्ट्रिय बजारमा पठाइनेछ ।
'सामूहिकखेती गरेर आर्थिकोपार्जन गर्न २०८० सालमा २४ परिवारले समूह खाल्यौँ । दुई वर्षमा ३६ परिवार जोडिए,' समूहका सचिव सुमन बेगाले भने, 'रोङ गाउँपालिकाले उत्पादन गरेको कपुरकोट–२ जातको एक मन बेसार प्रतिकिलो ७० रुपैयाँमा ल्याएर रोपेका थियौँ । खन्ने बेला हुन लाग्यो । एक सय २० मनसम्म फल्छ भन्ने अन्दाज छ ।'
बेसार १० रोपनी क्षेत्रफलमा रोपिएको छ । 'बेसार कटिङ मेसिन ल्याएका छौँ । मेसिनको क्षमता प्रतिघण्टा १०० देखि ३०० किलो छ । काँचो बेसार एक पटकमा ६० किलोसम्म सुकाउन सकिन्छ,' सचिव बेगाले भने, 'जमिन भाडामा लिएका छौँ । उद्योग स्थापना गर्ने तयारी छ । अब बेसार प्रशोधन गरेर प्याकेजिङ गरेपछि विदेशमा बिक्री गर्ने तयारी छ । स्थानीय बजार, काठमाडौँ र हङ्कङ यसको मुख्य बजार हो ।'
समूहले यसपटक च्याउखेती पनि सुरु गरेको छ । 'चार सय किलो उत्पादन भयो । २०० रुपैयाँ प्रति किलोका दरले बिक्री गर्यौं । अर्को वर्ष उत्पादन बढाउँछौँ,' अध्यक्ष जयबहादुर लिम्बूले भने ।
गत बर्षदेखि गाउँपालिकाले 'एक वडा एक उत्पादन' कार्यक्रम सुरु गरेको हो । एउटा वडामा एक उत्पादन बढाउने र गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउने लक्ष्य राखेर सुरु गरिएको अभियान अन्तर्गत वडा नं ५ लाई बेसारखेती छनोट गरिएको थियो ।
गाउँपालिका अध्यक्ष कुशबहादुर थेबेका अनुसार, स्थानीयस्तरमा उत्पादन हुनसक्ने कृषिउपजको उत्पादन वृद्धि गरी खाद्यान्नमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने लक्ष्य राखिएको छ । 'व्यावसायिक उत्पादन गर्ने कृषक तथा फर्मलाई अनुदान दिएर प्रोत्साहन गरिरहेका छौँ,' अध्यक्ष थेबेले भने, 'वडा नं १ मा रुख टमाटर, २ नं मा जडीबुटी, ३ नं मा कुखुरापालन, ४ र ६ नं मा खुर्सानी (अकबरे) र ५ नं मा बेसारखेतीमा अनुदान दिएका छौँ ।'
अध्यक्ष थेबेका अनुसार, गत वर्ष ६ वडाका कृषक, कृषि फर्म, समूह तथा सहकारीमा गरी ६७ उद्यमीलाई १५ लाख रुपैयाँ अनुदान वितरण गरिएको थियो । कार्यक्रमको सूचना आह्वान हुन्छ । प्रस्तावना मागेर स्थलगत अवलोकन गरेपछि आर्थिक समितिले निर्णय गर्छ । प्राथमिकताका आधारमा अनुदान वितरण हुन्छ । दक्ष जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न पनि यो कार्यक्रम महत्वपूर्ण छ । गाउँपालिकाले विभिन्न कार्यक्रममार्फत गाउँमै उत्पादन बढाएर आत्मनिर्भर बन्ने र विदेश जानुपर्ने बाध्यता न्यूनिकरण गर्ने कार्यक्रम गरिरहेको छ । गाउँपालिकामा सञ्चालित 'उपाध्यक्षसँग युवा उद्यमी' कार्यक्रमबाट स्थानीयस्तरमै रोजगारी सिर्जना भएको छ । यसका लागि दुग्ध तथा घ्यु प्रशोधन, कोदोको बिस्कुट उत्पादन र यस वर्ष ललिपप निर्माण तथा दुग्ध उत्पादन प्रशोधनसम्बन्धी तालिम सञ्चालन गरिएको थियो ।
गाउँपालिकाले कार्यक्रममार्फत मौरीपालन, अलैँचीखेती, पशुपालन, ब्युटीपार्लर तथा विस्कुट उत्पादनजस्ता क्षेत्रमा उत्कृष्ट काम गर्ने उद्यमीलाई अधिकतम तीन लाख रुपैयाँसम्म अनुदान दिएको थियो । गाउँपालिकाका उपाध्यक्ष प्रवीना राईले भनिन्, 'व्यवसायमै सक्रिय उद्यमीलाई सामग्री तथा नगद सहयोग गर्ने गरेका छौँ । हाम्रो मुख्य उद्देश्य स्थानीयस्तरमै रोजगारी सिर्जना गर्नु हो ।'
पहिलो वर्ष दुग्ध तथा घ्यु प्रशोधन तालिम दिएपछि वडा नं १ का तुलबहादुर लिम्बूको कृषि तथा डेरी उद्योग, वडा नं २ की रेखा रिजालको पाण्डे डेरी उद्योग र वडा नं ६ का इन्द्र थेबेको एनएस डेरी उद्योगलाई सामग्री सहयोग गरिएको थियो । कार्यक्रमअन्तर्गत गत वर्ष कोदोको बिस्कुट उत्पादनसम्बन्धी तालिम दिइएर उत्कृष्ट ६ व्यवसायीलाई नगद अनुदान दिइएको थियो ।
वडा नं १ की पार्वती भट्टराईले सञ्चालन गरेको भट्टराई बिस्कुट बेकरी उद्योगलाई वस्तुगत सहायता अनुदान दिइएको छ । त्यसैगरी, वडा नं ३ का रुद्रकुमार सङ्ग्रेलको गहिरीगाउँ जैविक कृषि फार्म, वडा नं ४ का सनबहादुर लिम्बूको सुनौलो कृषि तथा पशुपालन फर्म, वडा नं ५ का लक्ष्मण खत्रीको कुशिका एकीकृत कृषि तथा पशुपन्छी फर्म, वडा नं १ की कञ्चन आचार्यको कञ्चन ब्युटीपार्लर तथा प्रशिक्षण केन्द्र र वडा नं ३ का लक्ष्मी तामाङ र पुजन प्रधानले सञ्चालन गरेको पशुपति पशुपालन तथा कृषि फर्मलाई नगद अनुदान प्रदान गरिएको थियो । यस वर्ष ललिपप निर्माण तथा दुग्ध प्रशोधनसम्बन्धी तालिम ३० जनाले लिएका छन् । अब सीपलाई व्यावसायिक बनाउनेलाई अनुदान दिइने उपाध्यक्ष राईले बताइन् । बिस्कुट उत्पादनमा दुई लाख रुपैयाँ अनुदान पाएकी पार्वती भट्टराई थप व्यावसायिक बन्न प्रोत्साहन मिलेको बताउँछिन् । गाउँपालिकामा प्रतिदिन ३० हजार लिटर दुग्ध उत्पादन हुने गरेको अध्यक्ष थेबेको भनाइ छ । रासस

# सुविधा सम्पन्न नयाँ भवनबाट स्वास्थ्य सेवा सुरु

**भक्तपुर ।**
जीर्ण भवनबाट स्वास्थ्य सेवा दिँदै आएको सिपाडोल स्वास्थ्यचौकीले बिहीबारदेखि सुविधा सम्पन्न नयाँ भवनबाट आफ्नो सेवा सुरु गरेको छ ।
बागमती प्रदेश सरकारको ४३ लाख रुपैयाँ र सूर्यविनायक नगरपालिकाको १० लाख रुपैयाँ गरी कुल ५३ लाख रुपैयाँमा निर्माण सम्पन्न भएको सूर्यविनायक नगरपालिका–८ स्थित सिपाडोल स्वास्थ्यचौकीले नयाँ भवनबाट सेवा दिन थालेपछि अहिले अस्पतालमा सेवाग्राहीको चाप बढेको वडा नं ७ का वडाध्यक्ष पुष्पराज बस्नेतले जानकारी दिए ।
उनले भने, 'स्वास्थ्यको जीर्ण भवनमा सेवा दिइरहेका थियौँ, स्वास्थ्यमन्त्री किरण थापाले मन्त्रालयबाट राखिदिएको बजेट र नगरपालिकाबाट प्रमुख वासुदेव थापाले राखिदिएको बजेटले सुविधा सम्पन्न भवन निमाण गरी सेवा सञ्चालन गर्न सफल भएका छौँ, भवन र सेवा विस्तारले स्वास्थ्यचौकी होइन कि सानो अस्पतालकै स्वरुपमा भवन र सेवा अगाडि बढेको छ ।'
स्वास्थ्यचौकी उद्घाटन गर्दै बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापामगरले बागमती प्रदेशका १३ वटै जिल्लाका जिल्ला अस्पतालदेखि स्वास्थ्यचौकीसम्मलाई विशेषज्ञ सेवा विस्तार गर्ने लक्ष्य लिएको बताए ।
उनले भने, 'हाम्रा लागि नागरिकको स्वास्थ्य नै सबैभन्दा महत्वपूर्ण विषय हो, त्यसैले स्वास्थ्य मन्त्रालयले सुगममा मात्रै नभई जिल्ला जिल्लाको दुर्गम क्षेत्रमा पनि प्रविधिसँगै विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच पु¥याउने कार्य विस्तार गरेका छौँ ।'
मन्त्री थापामगरले स्वास्थ्यचौकीलाई प्रविधिमैत्री र विशेषज्ञसहितको जनशक्ति थप गर्दै लगेका छौँ भन्दै सूर्यविनायक नगर अस्पताललाई पनि ट्रमा सेन्टरका रुपमा विकास गरिने बताए ।
बागमती प्रदेशभरिका स्वास्थ्य संस्थाको भवन निर्माणदेखि स्तरोन्नति, गणस्तरीय विशेषज्ञ सेवा विस्तार र निःशुल्क औषधि वितरण कार्यलाई प्रभावकारी बनाउँदै आमजनताको विश्वसनीय स्वास्थ्य सेवा उपलब्ध गर्ने संस्थाका रुपमा विकास गरिरहेको उनको भनाइ छ ।
कार्यक्रममा सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापाले स्वास्थ्यजस्तो संवेदनशील विषयलाई नगरपालिकाले निकै महत्वका साथ हेरेर स्वास्थ्य केन्द्रित बजेट विस्तार गर्दै आएको उल्लेख गर्दै सूर्यविनायक नगरपालिकाले अब विकासका धेरै काम सम्पन्न गरिसकेकाले शिक्षा, स्वास्थ्य र रोजगारीमा केन्द्रित बजेट विनियोजन गरिने नीति लिएको जानकारी दिए ।
नगरपालिकाले जनशक्तिदेखि प्रविधिसम्मको विस्तार गर्दै आमनागरिकको दैलोमै स्वास्थ्य सेवाको पहुँच पु¥याउने उनको भनाइ छ ।
नगरपालिकाका उपप्रमुख, सरिता तिमिल्सिना भट्टराईले यहाँका बासिन्दाले नागरिकले सस्तो छिटोछरितो सेवा लिनसक्ने उल्लेख गर्दै महिलाको पाठेघरको क्यान्सर, स्त्रीरोगसम्बन्धी जाँच अब निःशुल्क गर्ने बताए । रासस

# बालश्रममुक्त उद्योग घोषणा अभियान सुरु

**काभ्रे ।**
बनेपा नगरपालिकामा बालश्रममुक्त उद्योग घोषणा अभियान थालिएको छ । यसका लागि बालअधिकार संरक्षण र बालश्रम उन्मुलनलाई प्राथमिकता दिँदै नगरपालिकाले बहुपक्षीय सहभागितामा अनुगमन अभियान सुरु गरिसकेको छ ।
नगरभित्र सञ्चालित विभिन्न उद्योगमा बालश्रमको अवस्था बुझ्न नगरपालिकाले प्रारम्भिक चरणको अभियान सञ्चालन गरी उद्योगमा कार्यरत बालबालिकालाई उद्धारसमेत गरेको हो ।
नगरका जनप्रतिनिधि, महिला तथा बालबालिका शाखा, सुरक्षा निकाय, बालअधिकार संरक्षण समिति, बालक्लब एवं बालसञ्जाल, सञ्चारकर्मी तथा सरोकारवाला निकायको संयुक्त टोलीले पहिलो चरणमा वडा नं १ र ४ अन्तर्गत रहेका इँटा उद्योग, सिसा उद्योग, चप्पल कारखाना, बिस्कुट उद्योग, प्लास्टिक तथा ट्याङ्की उद्योगमा स्थलगत अनुगमन गरेको छ ।



अनुगमनका क्रममा बालश्रम नदेखिएका उद्योगलाई 'बालश्रममुक्त उद्योग'को पहिचान–स्टिकर टाँस गरिएको नगर उपप्रमुख विमला सापकोटा दाहालले जानकारी दिइन् । उनका अनुसार बालश्रम भेटिएका उद्योगलाई तत्काल सचेत गराइएको छ ।
यस्तै, १८ वर्षमुनिका बालबालिकालाई श्रममा लगाइएको पाइएमा अभिभावकको जिम्मामा घर फर्काउने र पुनःदोहोरिएमा कानूनी कारबाही प्रक्रिया अघि बढाइने चेतावनी दिइएको नागरपालिकाका उपप्रमुख दाहालले बताइन् ।
अनुगमनका क्रममा वडा नं १ मा सञ्चालित केही सिसा उद्योग तथा चप्पल कारखानामा भने बालश्रम प्रयोग भएको पाइएपछि सम्बन्धित उद्योग सञ्चालकलाई तत्काल सचेत गराउँदै बालबालिकालाई अभिभावकको जिम्मामा पठाइएको छ । उद्योग सञ्चालकलाई भविष्यमा बालश्रम प्रयोग नगर्ने प्रतिबद्धतासमेत गराइएको उपप्रमुख दाहालले जानकारी दिइन् ।
उनका अनुसार १ नं वडामा सञ्चालित इँटा उद्योग, वाइन उद्योग, बिस्कुट तथा स्टिल उद्योगमा भने बालश्रम नदेखिएपछि स्टिकर टाँसेर बालश्रममुक्त उद्योग घोषणा गरिएको छ ।
बालबालिकालाई श्रममा लगाउनु कानूनविपरीत भएकाले उनीहरुको भविष्यसँग खेलबाड नगरी उद्योगलाई जिम्मेवार बनाउन र सचेतना फैलाउन यो अभियान सञ्चालन गरिएको दाहालको भनाइ छ । अभियानलाई निरन्तरता दिइने जनाइएको छ । रासस

# कमलामा नगरसभापछि पनि भएन बजेट कार्यान्वयन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

कमला नगरपालिकामा आर्थिक वर्षको बजेट ल्याउन नगरसभा सम्पन्न भएको दुई साताभन्दा बढी समय बितिसक्दा पनि कार्यान्वयन नहुँदा विवाद चर्किएको छ । बजेट पारित भए पनि ज्येष्ठ नागरिक, शिक्षक, कर्मचारी तथा अन्य लाभग्राहीहरूले तलब–भत्ता नपाएको गुनासो बढ्दै गएको छ ।

नगरपालिकाकी उपप्रमुख शिलादेवी मण्डलले पत्रकार सम्मेलन गर्दै आफूलाई बेवास्ता गरी दबाबमा नगरसभा सम्पन्न गरिएको आरोप लगाएकी छन् । उनका अनुसार आर्थिक वर्ष २०८२–०८३ को बजेट असहमतिकै बीच पारित गरिए पनि हालसम्म कार्यान्वयनमा नआउँदा नगरवासी प्रत्यक्ष मारमा परेका छन् ।

उपप्रमुख मण्डलले नगरप्रमुख विशेश्वर यादव र प्रमुख प्रशासकीय अधिकृत दुई सातादेखि सम्पर्कविहीन रहेको आरोप लगाउँदै बजेट कार्यान्वयनमा जान नसक्नुको




मुख्य कारण नेतृत्वको गैरजिम्मेवारी भएको बताइन् । उनले विगत दुई आर्थिक वर्षको खर्च विवरण, विकास निर्माणका काम तथा बजेट परिचालनबारे स्पष्ट जानकारी नदिई आफूहरूलाई त्रासको वातावरणमा राखेर नगरसभा गरिनु कानुनी व्यवस्थाविपरीत भएको दाबी गरिन् ।

उनका अनुसार कार्यपालिका भित्र आफू, वडाध्यक्ष तथा सदस्यहरू बहुमतमा हुँदाहुँदै पनि मेयर यादवले प्रक्रियागत पारदर्शिता अपनाउन नखोजेको र लुकिछिपी निर्णय गर्न खोजेको आरोप छ । सोही आधारमा नगरसभा नै अवैधानिक रहेको दाबीसमेत गरिएको छ ।

यता स्थानीयस्तरमा सेवा सुविधा ठप्प हुँदा नागरिकको समस्या झन् बढेको छ । नागरिक समाज संघर्ष समितिका अध्यक्षसमेत रहेका स्थानीय विष्णुदेव राम यादवले ज्येष्ठ नागरिकहरूले ९ महिनादेखि सामाजिक सुरक्षा भत्ता नपाएको गुनासो गरे । उनका अनुसार शिक्षक, कर्मचारी, बालबालिका तथा गर्भवती महिलाले समेत नगरपालिकाबाट पाउनुपर्ने सेवा–सुविधा लामो समयदेखि अवरुद्ध हुँदा दैनिकी कष्टकर बनेको छ ।

उनले नगरपालिकाले नियमित कामकारबाही सञ्चालन नगर्दा स्थानीय बासिन्दा समस्यामा परेको उल्लेख गर्दै तत्काल समाधानको माग गरेका छन् ।

तर नगरप्रमुख विशेश्वर यादवले भने उपप्रमुखका आरोपहरू अस्वीकार गरेका छन् । उनका अनुसार उपप्रमुख, वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरूको सहभागितामै नगरसभा सम्पन्न भएको र त्यसलाई अवैधानिक भन्नु गलत रहेको दाबी छ । उनले उल्टै उपप्रमुखले आफू अनुकूल बजेट सञ्चालन गर्न खोजेको आरोप लगाउँदै विवाद अनावश्यक रूपमा बढाइएको बताएका छन् ।

नगरसभापछि पनि बजेट कार्यान्वयन नहुँदा स्थानीय तहमा प्रशासनिक अन्योल देखिएको छ । आन्तरिक विवादका कारण सेवा प्रवाह प्रभावित हुँदा सर्वसाधारण प्रत्यक्ष प्रभावित बनेका छन् । यस अवस्थाले स्थानीय सरकार सञ्चालनमा पारदर्शिता, समन्वय र जिम्मेवारीबोधको आवश्यकता अझ स्पष्ट रूपमा देखाएको छ ।

# अलपत्र आधा दर्जन पुलको निरीक्षण

**रौतहट ।**

रौतहट निर्वाचन क्षेत्र नं ३ मा बन्ने आधा दर्जनभन्दा बढी पक्की पुलको काम लामो समयदेखि अलपत्र अवस्थामा रहेको छ ।

ठेकेदार कम्पनीको लापरबाहीका कारण चार वटा ठूलासहित आधा दर्जनभन्दा बढी पक्की पुल बन्न सकेका छैनन्। क्षेत्रका सांसद रवीन्द्र पटेलले अलपत्र पारिएको ती पुलको बुधबार निरीक्षण गर्दै निर्माण प्रगतिबारे जानकारी लिनुकासाथै स्थानीयवासीसँग छलफल गरेका थिए ।

लामो समयदेखि पुल अलपत्र पारिएको जानकारी आफूले पाएको उल्लेख गर्दै उनले अब यसको विस्तृत रुपमा अध्ययन गरी छिट्टै ठोस निकास निकालिने बताए । उनले भने, 'पुल निर्माण लामो समयदेखि अलपत्र पारिएको रहेछ, ठेक्का तोडेर नयाँ प्रक्रियामा जाने वा के गर्ने, निर्माण व्यवसायीलाई के गर्ने भन्नेबारे तत्काल निर्णय लिन सरकारको ध्यानाकर्षण गराउँछौँ ।' सांसद पटेलले जनजीविकासँग जोडिएको रणनीतिक महत्वको पुल निर्माणलाई यथास्थितिमा राख्न सक्दैनौँ भन्दै यसको चाँडै निकास हुनुपर्नेमा जोड दिए ।

निर्माण कम्पनीका ठेकेदारलाई पुलको निर्माण कार्य तत्काल सम्पन्न गर्न उनले निर्देशन पनि दिए । सांसद पटेलले विशेषगरी वर्षायाममा पुल नहुँदा खोला तर्नुपर्ने बाध्यता, दुर्घटनाको जोखिम र जनधनको क्षतिलाई गम्भीर विषयका रूपमा उठाउँदै निर्माण कम्पनीलाई जिम्मेवार बन्न आग्रह गरे । उनले भने, 'अब कुनै पनि बहाना हुँदैन, परिणाम देखिने गरी काम गर्नुपर्छ, थपिएको तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न नगरेमा ठेक्का रद्द गरेर निर्माण प्रक्रिया अगाडि बढाइने छ ।'

दुवैतर्फ सडक ट्र्याक खुले पनि ठेकेदार कम्पनीले पुल निर्माणको काम अलपत्र पार्दा सर्वसाधारणले सास्ती खेप्नुपरेको सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

गुजरा नगरपालिका–१ कोठियारमा रहेको कोठियार–ब्रह्मटोल, रङ्गपुरस्थित लमहा (गुजरा) खोला पुलको ठेक्का सम्झौता भएर २०७३ सालबाट निर्माण सुरु भएको थियो । पुलको प्रगति हालसम्म ५० प्रतिशत मात्रै रहेको छ । तीन स्पानको सुपर स्ट्रक्चर निर्माण सम्पन्न भए पनि एक्स्पान्सन जोइन्ट, एप्रोच सडक र रेलिङको काम अझै बाँकी छ ।

यस्तै पिपरियास्थित तरही खोला पुलमा करिब ४५ प्रतिशत मात्र प्रगति भएको छ । सब–स्ट्रक्चर निर्माण सकिए पनि सुपर स्ट्रक्चरको काम सुरु हुनसकेको छैन । विश्व बैंकको सहयोगमा निर्माणाधीन हर्साहा चोक–चन्द्रनिगाहपुर सडकखण्डअन्तर्गत पर्ने नमाहा खोला पुलको प्रगति पनि हालसम्म ४५ प्रतिशतमै सीमित रहेको छ । पुलको निर्माण कार्य २०७३ सालमा सुरु भई २०८० असारमै सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको थियो ।

यसैगरी, बालचनपुर–जङ्गलसैया सडकअन्तर्गतको लमहा नदी पुलमा भने तुलनात्मक रूपमा सकारात्मक प्रगति देखिएको छ । सो पुलको निर्माण कार्य २०७८ मा सुरु भएको र हालसम्मको प्रगति भने ५३ प्रतिशत रहेको छ । पुल निर्माण कार्य विसं २०८२ मा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।

# कलेजका विद्यार्थीद्वारा अन्तर्राष्ट्रियस्तरको पाठ्यपुस्तकमा त्रुटि सच्याउन महत्वपूर्ण योगदान

**मधेशदृष्टि**
**वीरगंज ।**

नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल, वीगंजका बीडीएस चौथो वर्षका विद्यार्थीले दन्त एनेस्थेसियासम्बन्धी विश्वप्रसिद्ध पाठ्यपुस्तकमा रहेको महत्वपूर्ण त्रुटि पहिचान गरी अन्तर्राष्ट्रिय शैक्षिक क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन् ।

कलेजकी विद्यार्थी सोनाली गुप्ताले ह्यान्डबुक अफ लोकल एनेस्थेसिया (सेभेन्थ एडिसन, साउथ एसिया एडिसन) अध्ययन गर्ने क्रममा म्याक्सिलरी एनेस्थेसियासम्बन्धी अध्यायमा रहेको तथ्यगत असंगति औँल्याएकी थिइन् । पुस्तकमा इन्फेरियर एल्भियोलर नर्भ ब्लकलाई म्याक्सिलरी नर्भ ब्लकको उदाहरणका रूपमा




उल्लेख गरिएको थियो, जुन एनाटोमिक दृष्टिकोणले त्रुटिपूर्ण रहेको उनले प्रमाणसहित स्पष्ट पारेकी थिइन् ।

उनले इन्फेरियर एल्भियोलर नर्भ वास्तवमा ट्राइजेमिनल नर्भको म्यान्डिबुलर डिभिजन अन्तर्गत पर्ने शाखा भएको उल्लेख गर्दै वैज्ञानिक रूपमा सही मार्ग प्रस्तुत गरेकी थिइन् ।

विद्यार्थी गुप्ताले यस विषयमा पुस्तकका लेखकसँग औपचारिक रूपमा सम्पर्क गरी सुधारको सुझाव प्रस्तुत गरेपछि लेखकबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । लेखकले त्रुटि स्वीकार गर्दै आगामी संस्करणमा सच्याइने जानकारी दिएका छन् र विद्यार्थीको अनुसन्धानात्मक प्रयासप्रति आभार व्यक्त गरेका छन् । यो उपलब्धिले नेशनल मेडिकल कलेजका विद्यार्थीहरूको शैक्षिक उत्कृष्टता, अनुसन्धानप्रति प्रतिबद्धता तथा अन्तर्राष्ट्रिय स्तरमा प्रभाव पार्ने क्षमतालाई उजागर गरेको छ । कलेजले यस्ता प्रतिभाशाली विद्यार्थीलाई प्रोत्साहन गर्दै गुणस्तरीय चिकित्सा शिक्षामा निरन्तर योगदान पु¥याउँदै आएको छ । 'ज्ञान, अनुसन्धान र उत्कृष्टताको माध्यमबाट समाजमा सकारात्मक परिवर्तन' भन्ने लक्ष्यका साथ नेशनल मेडिकल कलेज अगाडि बढिरहेको छ ।

# खसीको मासु भन्दै अरु नबेच्न निर्देशन

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिकाले उपभोक्तालाई झुक्याएर बाख्राको मासुलाई खसी वा बोका भन्दै बिक्री गर्ने मासु पसलमाथि कडा कारबाही गर्ने चेतावनी दिएको छ ।

पछिल्लो समय वीरगंजका विभिन्न मासु पसलमा बाख्राको मासुलाई खसीको मासु भन्दै बिक्री भइरहेको गुनासो उपभोक्ताबाट बढेपछि महानगरले ध्यानाकर्षण भएको जनाएको हो ।

महानगरको कृषि तथा पशुपन्छी व्यवसाय प्रवद्र्धन शाखाले जारी गरेको सूचनामा उपभोक्ताको अधिकार संरक्षण, खाद्य स्वच्छता र व्यापारिक आचारसंहिता कायम राख्नु सबै व्यवसायीको जिम्मेवारी भएको उल्लेख छ । सूचनामा मासु व्यवसायीहरूलाई मासुको सही पहिचान खुलाएर मात्र पारदर्शी रूपमा बिक्री–वितरण गर्न निर्देशन दिइएको छ ।

साथै, कुनै पनि किसिमको मिसावट, झुक्याउने वा भ्रामक गतिविधि नगर्न कडा आग्रह गरिएको छ ।

महानगरले यस्ता गैरकानूनी गतिविधि भेटिएमा प्रचलित कानूनअनुसार तत्काल कारबाही गरिने स्पष्ट चेतावनी समेत दिएको छ ।

# सुशासन र समृद्धिका लागि नैतिक शिक्षा आधारभूत सर्त




**महेन्द्रनगर ।**

मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले सुशासन र समृद्धिका लागि नैतिक शिक्षा आधारभूत सर्त रहेको बताएका छन् ।

मधेशी आयोगको आयोजना तथा इन्सेकको सहकार्यमा बिहीबार जनकपुरधाममा 'नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा' कार्यक्रमअन्तर्गत 'प्रशासनिक आचरण, उत्तरदायित्व र सुशासित–समृद्ध मधेश निर्माणमा सरोकारवालाहरूको भूमिका' विषयक अन्तक्रिरया भएको थियो ।

अन्तरक्रियामा प्रदेश प्रमुख कर्णले समाजमा नैतिक मूल्यमान्यता कमजोर बन्दै जाँदा प्रशासनिक अनुशासन र पारदर्शितामा चुनौती देखिएकाले यसलाई सुधार गर्न शिक्षादेखि नै नैतिकता अभिवृद्धि गर्नुपर्नेमा जोड दिए ।

त्यसैगरी प्रदेशसभा सदस्य शारदा पहाडीले नीति र व्यवहारबीचको दूरी घटाउन आवश्यक रहेको बताए । उनले नैतिक शिक्षालाई जीवनपद्धतिसँग जोड्न सके मात्र समाजमा सकारात्मक परिवर्तन सम्भव हुने धारणा राखे ।

जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले स्थानीय तहदेखि नै सुशासनको अभ्यास सुरु गर्नुपर्नेमा जोड दिए । उनले विकास निर्माणका काममा पारदर्शिता, जनसहभागिता र निगरानी प्रणाली सुदृढ गर्नसकेमा भ्रष्टाचार न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रमको अध्यक्षता गर्दै मधेशी आयोगका सदस्य आभा सेतू सिंहले नैतिक शिक्षा समाज रुपान्तरणको मूल आधार भएको बताइन् । उनले मधेशको समग्र विकासका लागि नैतिकता, अनुशासन र उत्तरदायित्वलाई संस्थागत गर्नुपर्नेमा जोड दिँदै यसका लागि सबै पक्षको सक्रिय सहकार्य आवश्यक रहेको बताए ।

कार्यक्रममा प्रदेशसभा सदस्य अनिता साह, लाल गोइतलगायतले आफ्ना धारणा राखेका थिए ।

# 'शान्ति स्तम्भ' उद्घाटन, धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले जनकपुरधाम–मुजेलियास्थित ॐ शान्ति मिथिला वाटिकामा निर्माण गरिएको 'शान्ति स्तम्भ'को उद्घाटन गरेका छन् ।

स्तम्भ ब्रह्माकुमारी राजयोग सेवा केन्द्र नेपालका निर्देशक ब्रह्माकुमारी राजदादी सँग संयुक्त रूपमा उद्घाटन गरिएको हो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभामुख यादवले जनकपुरधाममा थपिएको शान्ति स्तम्भ, तपस्याधाम तथा ईश्वरीय विश्वविद्यालय भवनले धार्मिक तथा पर्यावरणीय पर्यटन प्रवद्र्धनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले यस्ता संरचनाले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नुका साथै समाजमा आध्यात्मिक चेतना अभिवृद्धि गर्न सहयोग पुग्ने बताए ।

कार्यक्रममा प्रदेश सभासदस्य अनिता कुमारी साह तथा गौ संरक्षण मंचका केन्द्रीय अध्यक्ष जगदीश महासेठ लगायतले मन्तव्य राखेका थिए ।

वक्ताहरूले शान्ति, सहअस्तित्व र आध्यात्मिक जीवनशैलीको सन्देश फैलाउन यस्ता संरचनाको आवश्यकता औंल्याउँदै समाजमा सकारात्मक ऊर्जा प्रवाह गर्न यस्ता पहलहरू प्रभावकारी हुने धारणा राखेका छन् ।

# महोत्तरीमा सार्वजनिक जग्गा संरक्षण अभियान



**मधेशदृष्टि**
**महोत्तरी ।**

जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाभित्र सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र अतिक्रमण नियन्त्रणका लागि कडा कदम चाल्ने भएको छ ।

बिहीबार जारी गरिएको सार्वजनिक सूचनामार्फत प्रशासनले अवैध कब्जा हटाउन विशेष अभियान सञ्चालन गरिने जानकारी दिएको हो । प्रशासनका अनुसार नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा गृह मन्त्रालयको निर्देशनअनुसार सार्वजनिक, ऐलानी, पर्ती, सडक क्षेत्र, इनार तथा विभिन्न संस्थानका जग्गाको संरक्षणमा विशेष ध्यान केन्द्रित गरिएको छ । सूचनामा सम्बन्धित निकायहरूलाई अतिक्रमण हटाउने स्पष्ट योजना बनाएर कार्यान्वयन गर्न निर्देशन दिइएको उल्लेख छ । साथै, नयाँ अतिक्रमण हुन नदिन कडा निगरानी व्यवस्था गरिने र आवश्यक परे सुरक्षा समन्वयमार्फत सहयोग उपलब्ध गराइने जनाइएको छ ।

प्रशासनले सरकारी तथा सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गर्दै निगरानी प्रणालीलाई अझ प्रभावकारी बनाउने योजना पनि अघि सारेको छ । संघीय, प्रदेश र स्थानीय तहबीच समन्वय गरी संरक्षण अभियानलाई तीव्र बनाइने बताइएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले नगर प्रहरी परिचालन गर्न सक्ने व्यवस्था रहेको तथा स्थानीय प्रशासन ऐन, २०२८ ले सार्वजनिक जग्गामा अवैध निर्माण रोक्न प्रशासनलाई अधिकार दिएको प्रशासनले स्मरण गराएको छ ।

जिल्ला प्रशासनले सबै सरोकारवाला निकाय र सर्वसाधारणलाई सार्वजनिक सम्पत्तिको संरक्षणमा सक्रिय सहयोग गर्न तथा गैरकानुनी गतिविधिबाट टाढा रहन आग्रह गरेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन